वर्ष : १५, अंक : ३८, काठमाडौं, २०७६ माघ ३ गते शुक्रबार, 17 January 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## अक्षयकोष स्थापना



जनकपुरधाम । जनकपुरधामकी स्व. पत्रकार उमा सिंहको नाममा रू.पाँच लाख राशीको अक्षयकोष स्थापना गरिएको छ । आइतबार स्व.पत्रकार उमा सिंहको ११औं पुण्यतितिको अवसरमा जनकपुरधामका मेयर लालकिशोर साहले 'कर्मवीर योद्धा'को उपाधि दिँदै अक्षयकोष स्थापना गरिएको घोषणा गरेका छन् । आगामी वर्षदेखि अर्थात् १२औं पुण्यतिथिबाट हरेक वर्ष कर्मवीर योद्धा उमा सिंहको नाममा पत्रकारिता क्षेत्रमा न्याय र समानताका लागि स्वतन्त्र, निष्पक्ष र निर्भिकताका साथ कार्य गर्ने पत्रकारलाई सम्मान गरिने मेयर साहले

*बाँकी अन्तिम पृष्ठमा*

## 'रेशम चौधरी छिट्टै रिहा हुने'

काठमाडौ । नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले रेशम चौधरी छिट्टै छुट्ने दाबी गरेका छन् । काठमाडौँको टुँडिखेलमा माघी महोत्सवलाई सम्वोधन गर्दै उनले रेशम चौधरीलाई छुटाएरै छाड्ने दाबी गरे । डिल्लीबजारस्थित सदर खोरमा पुगेर आफूले रेशम चौधरीलाई भेटेको समेत उनले खुलासा गरे । उनले भने,'रेशम चौधरीलाई माननीय बनाउन मुख्य भूमिका खेल्ने पनि मै हुँ । अब पनि उहाँलाई छुटाउने जानकारी गराउँछु । केही समयभित्र रेशम चौधरी छुट्छन् ।' उनले आफूलाई १७ हजार मानिस मारेको भनेर लगाइएको आरोप झूट रहेको पनि दाबी गरे । आफूमाथि लाग्ने गरेको आरोपको खण्डन गर्दै उनले भने, 'आन्दोलनहरू सिधै सगरमाथा चढेजस्तै हुन्छ । तर आरोप मात्र लगाउन थाल्नुभयो भने गन्तव्यमा पुग्नुहुन्न ।' उनले हिजोको सामन्ती राज्यसत्ताले १२ हजार मान्छे मारेका आरोप लगाउँदै द्वन्द्वका क्रममा ५ हजार मानिस मरेकोमा भने आफू जिम्मा लिन तयार रहेको स्पष्ट पारे ।

## नेपालका लागि नयाँ भारतीय राजदूत



काठमाडौं । भारतले विनयमोहन क्वात्रालाई नेपालका लागि नयाँ राजदूतका रूपमा पठाउने भएको छ । नेपाल आउन प्रयासरत अनेकौं अनुभवी उम्मेदवारमध्ये क्वात्रालाई भारतले राजदूत बनाउन लागेको हो । हाल उनी फ्रान्सका लागि भारतीय राजदूत छन् । नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरी डिसेम्बरमा कार्यकाल पूरा गरी फर्केका थिए । क्वात्रासँग लामो समय नेपालमा काम गरेको अनुभव छ । उनी सन् २००६ देखि २०१० सम्म काठमाडौंस्थित सार्क सचिवालयमा काम गरेका थिए । क्वात्रा तीन दशकदेखि भारतीय कुटनीतिक सेवामा छन् । २००६ देखि २०१० सम्म उनी नेपालमा थिए । सार्क सचिवालयमा उनले व्यापार, अर्थतन्त्र र वित्तीय ब्युरोको प्रमुखका रूपमा काम गरेका थिए । उनले अमेरिकाको वासिंगटनस्थित भारतीय दूतावासमा पनि २०१३ सम्म काम गरेका थिए ।

# फेरिएन मधेशी दलको चिन्तन र राजनीति

## सन्दर्भ : मधेश विद्रोहको १३ वर्ष, मधेश आन्दोलन र बलिदानी दिवस

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रथम मधेश विद्रोह भएको १३ वर्ष पुरा हुँदैछ । भएको छ । माघ ५ गते सिरहाको लाहानमा मधेश आन्दोलनका प्रथम शहीद रमेशको हत्या भएको थियो । त्यो आन्दोलन र त्यसपछि भएको दोश्रो र तेस्रो मधेश आन्दोलनको क्रममा सयौं मधेशीहरूले सहादत दिए ।

मधेशको आन्दोलनले १३ वर्षका समय पार गर्दा पनि मधेश आन्दोलन र मधेशी शहीदहरूको उचित मूल्यांकन र सम्मान हुन सकेको छैन । अहिलेसम्म मधेश आन्दोलनलाई जातीय र क्षेत्रीय आन्दोलनको रूपमा व्यख्या गरिँदैछ ।

रमेश महतोको सहादतबाट सुरू भएको आन्दोलनले मधेशीको पहिचान र मुलुकलाई संघीयतामा लगेको छ । यो दिनलाई मधेशी दलहरूले केही वर्षयता 'बलिदानी दिवस' का रूपमा केही वर्षयता स्मरण गर्दै आइरहेका छन् । मधेशी जनताले पहिलोपटक राज्यसत्तासँग विद्रोह गरेको आन्दोलन हो मधेश आन्दोलन । वर्षौंदेखि मधेशीजनको चाहना संघीयता प्राप्त भएकाले त्यो पूरा भएकोमा उनीहरू धेरै हर्षित भएका थिए । अझ समावेशिकता र जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको कुरोले मधेशीहरू धेरै हौसिएका थिए । तर त्यो धेरै दिन टिक्न सकेन ।

पहिलो संविधानसभाको चुनावपछि सिंहदरबार र संविधानसभा भवनमा मधेशी दलका नेताहरूको मात्रै होइन सर्वसाधारण मधेशीहरूको उपस्थिति पहिलेको तुलानामा बढ्न पुग्यो । अझ, सहभागिता र प्रतिनिधित्वले राम्रै स्पेस पायो । 'किङ्ग मेकर' को हैसियतमा मधेशी दल र नेताहरू पुगेका थिए । तर सत्ताको फोहोरी खेल सुरू भएपछि मधेशी दलहरूमा संस्थापन पक्षसँग विद्रोह गर्दै नेताहरूको चोइटिने क्रम एकाएक बढेर गयो ।

सद्भावना पार्टीमा वर्षौंदेखि जारी गुट र फुटको क्रम मधेश आन्दोलनपछि स्थापित फोरम नेपालमा पनि सरूवा रोगझैं सऱ्यो । पहिलो संविधानसभामा मधेशी जनताले फोरम नेपाल, तमलोपा र सद्भावना पार्टीलाई मात्रै प्रतिनिधित्व गराएनन, मधेशको भावनाअनुसार संविधान बनाउन जिम्मेवारी पनि सुम्पेको थियो । तर सत्ता खेलका कारण यी तीनै दलहरू धुजा-धुजामा बाँडिँदै अत्यन्त कमजोर र निरीह बने । मधेशीको नाममा केही नेताहरूले आफ्नै नेतृत्वमा पार्टी खोल्न भ्याए । धेरै नेताहरू मन्त्री बने, कोही त १३ वर्षको दौरानमा पटक-पटक मन्त्री पदमै आसीन रहे । इतिहासमै सबैभन्दा बढी मन्त्री मधेश क्षेत्रबाटै बने ।

सरकारमा जाने मधेशी नेताहरूको चस्काले दल र मधेशी जनताबीचको दूरी क्रमिक रूपमा बढ्दै गयो । अझ सबैभन्दा दुःखद त के रह्यो भने सरकारमा जानकै लागि मधेशी दलका नेताहरूले अन्य पार्टीहरूसँग बुँदै-बुँदाको सम्झौता गर्दै हिंडे । सरकारमा जाँदा ती बुँदाहरूमध्ये एउटाको पनि कार्यान्वयन गराउन मधेशी दलहरू सकेनन् ।

त्यसैले मधेशीहरूले भन्ने गरेको 'बलिदानी दिवस' १३ वर्षमा प्रवेश गरे पनि मधेश र मधेशीका सबाल ज्यूँका त्यूँ छन् । गरिबी, निरक्षरता, बेरोजगारी, युवाहरूको ठूलो जमात विदेश पलायन, महिलामाथि हिंसा, छुवाछूतजस्तो जघन्य अपराध, दहेजप्रथालगायतको बेथितिबाट मधेश र मधेशी अझै गाँजेकै अवस्था छ । शिक्षा, स्वास्थ्य र विकास-निर्माणलगायतका क्षेत्रमा खासै सुधार हुन सकेको छैन । १३ वर्षको अवधिमा केही नेताहरू मोटाएका छन् तर मधेश गरिब हुँदै गइरहेको छ । नेताहरू मन्त्री पदमा बसेर अकूत सम्पत्ति कमाए तर जनता जो जनार्दन हुन, उनीहरूको अवस्था पहिलेभन्दा पनि जर्जर बनेको छ । यही कारणले मधेशी मतदाताहरूले पछिल्लो निर्वाचनमा मधेशी दल सशक्त रूपमा उदाउन सकेनन ।

मधेशी दलले जनताको 'सेन्टिमेन्ट' र शहीद परिवारसँग खेलबाड गरेको गुनासो व्याप्त छ । आन्दोलनमा प्रहरीको गोली र लाठी खाएका कतिपय युवाको घाउ अझै निको हुन सकेको छैन । शहीद परिवार अझै संविधान संशोधन, मधेशको मुद्दा र शहीदको सपना साकार हुने दिनको पर्खाइमा छन् । उनीहरूको आँखाको आँसु अझै ओभाइसकेको छैन ।

तत्कालीन संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीले आन्दोलन चर्काएर आफ्नो व्यक्तिगत स्वार्थमै केन्द्रित रहेको शहीद परिवारको गुनासो छ । उता शहीदको बलिदानीको भरमा गठन भएको प्रदेश २ को सरकारको चाला राजाको भन्दा कम छैन । प्रदेश सरकारसँग शहीद परिवार मात्र आक्रोशित छैन । अधिकांश शहीद परिवार मधेशी दल र सरकारसँग रूष्ट छन् ।

संविधान जारी भइसकेपछि मधेशी दलहरूले संविधान संशोधनको मुद्दालाई उठाउँदै आइरहेका छन् । संविधानले मधेशीलाई कुनै अधिकार नदिएकाले यो रद्दीको टोकरीमा फ्याँक्न लायक भएको भन्दै उनीहरू उग्र अभिव्यक्ति पनि दिए ।

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव संविधान संशोधन गर्ने भनेरै ओली सरकारमा सहभागी भए तर प्रधानमन्त्रीले संविधान संशोधनको काम अगाडि नबढाएको भन्दै उनी बाहिरिए । संविधान खारेज गरी पुनर्लेखन गर्नुपर्ने उनको थियो । अध्यक्ष यादवले संविधान संशोधन नभए मधेशले आफ्नो संविधान आफैले लेख्ने अभिव्यक्ति पनि दिएका थिए ।

अहिले ती धम्कीयुक्त भाषण र अडान सबै हराएका छन् । २०७२ साल असोज ३ गते नयाँ संविधान जारी भएदेखि संविधान संशोधनको मुद्दा उठाउँदै आन्दोलनमा उत्रिएका मधेशी दल यतिखेर सेलाएका छन् ।

राजनीतिक विश्लेषकहरू मधेशी दलहरूले शहीद र आन्दोलनका घाइतेलाई सत्ताको सिँढीको रूपमा प्रयोग गरिरहेको टिप्पणी गर्छन । सडक, सदन र सत्ताबाट संघर्ष गरिरहेका छौं भन्ने खाली तर्क मात्र हो । यर्थाथमा उनीहरूको ध्येय सत्तामै केन्द्रित छ ।




### यी मुद्दाहरू कहाँ छ ?

- सेनामा जनसंख्याका आधारमा प्रनिधित्व
- सरकारी सेवामा मधेशीको पहुँच बढाउने समावेशी विधेयक
- मधेश आन्दोलनमा मृतकलाई ५० लाख

## काठमाडौंमा दाउदको अड्डा !

काठमाडौं । 'अन्डरवर्ल्ड डन' दाउद इब्राहिमले नेपालको संघीय राजधानी काठमाडौंलाई ठेगाना बनाएर भारतमा नक्कली नोट पठाउने गरेको खुलासा भएको छ । अन्डरवर्ल्डका डनका रूपमा चिनिँदै आएका दाउद इब्राहिमले पछिल्लो समय काठमाडौंलाई समेत आफ्नो अड्डा बनाउँदै आएको खुलेको हो । यो खुलासा दाउदकै समूहमा काम गरिसकेका एजाज लकडावालाले गरेका छन् । नेपालबाटै भारतको पटना पुगेका एजाजलाई जनवरी ८ मा भारतीय प्रहरीले पक्राउ गरेको थियो । उनीसँग सोधपुछ गरिरहेको भारतीय प्रहरीले दाउदका बारेमा अहम् खुलासा भएको जनाएको छ । उनले मोस्ट वान्टेड दाउद इब्राहिमका पाकिस्तानको कराचीमा रहेका दुई घरको ठेगाना पनि भारतीय प्रहरीलाई दिएका छन् । भारतीय सुरक्षा अधिकारीहरूले लकडावालाको गिरफ्तारीलाई अत्यन्तै ठूलो उपलब्धि भनेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## समाजवादीको संगठन विस्तार तथा सुदृढीकरण अभियान



काठमाडौं । समाजवादी पार्टीले देशभरका गाउँपालिका तथा नगरपालिकाको वडा र टोल-टोलसम्म संगठन निर्माण गर्ने र पार्टीको विचार जनताको बिचमा लैजाने उद्देश्यका साथ आगामी माघ ३ गतेदेखि 'संगठन विस्तार तथा सुदृढीकरण अभियान (विसु अभियान)-२०२०' सञ्चालन गर्ने भएको छ । यस अभियानलाई सञ्चालन गर्न समाजवादी पार्टीका सहअध्यक्ष तथा प्रतिनिधिसभा सदस्य राजेन्द्र प्रसाद श्रेष्ठको संयोजकत्वमा विसु अभियानको सचिवालय गठन गरेको छ । संयोजक श्रेष्ठले माघ ३ गते सातवटै प्रदेशबाट एकसाथ अभियान उद्घाटन गरिने बताए । अभियानको उद्घाटनका लागि पार्टीका शीर्ष नेताहरू सातै प्रदेशका कार्यक्रममा भाग लिने छन् । संयोजक श्रेष्ठले यसअघि पार्टी एकीकरण र समायोजनको कामको जिम्मेवारी पनि सम्हालेका थिए । पार्टी कार्यालयको स्रोतले जनाए अनुसार अभियानको उद्घाटन तथा अभिमुखिकरण ७ वटै प्रदेशमा एक साथ हुन् छ । यसका लागि निम्नानुसार पार्टीका केन्द्रीय पदाधिकारीहरू खटाइएको छ ।




## समय सन्दर्भ

निमिष झा



# रोचक मोडमा मधेशको राजनीति

**नेकपा-राजपा तालमेलले प्रदेश २ को सरकारसमेत परिवर्तन हुनसक्ने चर्चा चुलिएको थियो । नेकपा-राजपा चुनावी तालमेल गर्दा नेकपाभित्रसमेत ठूलै विवाद निस्किएको छ । चुनावी तालमेलपछि नेकपासँग राजपा नजिकिएकै कारण सरकारमा रहेको समाजवादी पार्टी सरकारबाट बाहिरियो ।**

काठमाडौं । राष्ट्रियसभाको निर्वाचन नजिकिँदै छ । निर्वाचनका लागि उम्मेदवारहरूले मनोनयन दर्ता गरिसकेका छन् । राष्ट्रियसभाको निर्वाचनमा मधेशी दलसँग सत्तारूढ र प्रतिपक्षी दलले तालमेल गरिसकेका छन् । राष्ट्रियसभाको निर्वाचानमा मधेशलाई केन्द्रका रूपमा हेरिएको छ ।

राष्ट्रिय सभा अगामी माघ ९ गते हुँदैछ । प्रदेश २ बाट चार सिटमा हुन लागेको निर्वाचन आफ्नो पोल्टामा पार्न कांग्रेस-समाजवादी र नेकपा-राजपा गठबन्धन आन्तरिक हिसाबकिताब गरिरहेका छन् । दुवै गठबन्धनका नेताहरू आ-आफ्ना उम्मेदवारले जित्ने दावी गरिरहेका छन् । मतदाताको हिसाब गर्दा नेकपा-राजपा गठबन्धनले जित्ने लगभग पक्का जस्तै छ । यद्यपि कांग्रेस-समाजवादी नेताहरूले पनि आफ्नै उम्मेदवारले जित्ने दावी गरिरहेका छन् ।

नेकपा-राजपा गठबन्धन आफ्नो मतदाता प्रदेश सांसद र स्थानीय तहका प्रमुख-उपप्रमुखको क्रस मतदान रोक्ने प्रयासमा छन् भने कांग्रेस-समाजवादी पार्टीका नेताहरू क्रस मतदान गराउने मुख्य खेलमा जुटेका छन् ।

प्रदेश २ को निर्वाचन जित्न विभिन्न रणनीति बनाउन र तालिम गोष्ठी गर्न समाजवादीको तर्फबाट प्रदेश २ का अध्यक्ष समेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री विजय यादब र कांग्रेसको तर्फबाट नेता आनन्द ढुंगानालाई जिम्मेवारी दिइएको छ । राष्ट्रियसभा निर्वाचनका लागि कांग्रेसको तर्फबाट नगिना यादव र भोला पञ्जियारले उम्मेदवारी दिएका छन् । समाजवादी पार्टीले अनिरूद्रप्रसाद सिंह यादव र रामप्रीत पासवानलाई उम्मेदवार बनाएका छन् । नेकपाको तर्फबाट तुलसा दाहाल र राधेश्याम पासवान उम्मेदवार छन् भने राजपाले सर्वसम्मति मृगेन्द्रप्रसाद सिंह यादव र शेखर सिंहलाई उम्मेदवार चयन गरेका छन् । मृगेन्द्र र शेखर दुबै सप्तरीका हुन् । पूर्वमन्त्रीसमेत रहेका मृगेन्द्रलाई राजपाले उम्मेदवार बनाएपछि समाजवादीले उनकै सहोदर भाई अनिरूद्रलाई चुनावी मैदानमा उतारेका छन् ।

यता, नेकपा-राजपाका नेताहरू पनि आफ्ना उम्मेदवारलाई जिताउन प्रचार प्रसार सुरू गरिसकेका छन् । नेकपा र राजपाका नेताहरूले प्रदेश २ का आठै जिल्लाका आफ्ना जनप्रनिधि र प्रदेश सांसदसँग एकचरणको छलफल गरिसकेका छन् ।

आगामी फागुन २० गते कार्यकाल सकिएका १८ सिटका लागि सातै प्रदेशमा निर्वाचन हुने भए पनि प्रदेश २ मा भने चुनावी रौनक बढी देखिएको छ । उक्त प्रदेशमा नेकपा र राजपा तथा कांग्रेस र समाजवादी पार्टीले गठबन्धन गरी चार सिटका लागि निर्वाचनमा होमिएका छन् । अन्य प्रदेशमा नेकपा एकलौटी विजयी हुने भए पनि प्रदेश २ मा त्यो सम्भावना छैन । जसले गर्दा नेकपाले राजपा नेपालसँग चुनावी गठबन्धन गरेको हो । मधेशमा कमजोर रहेको नेकपाले राजपासँगको तालमेलकै कारण थप दुई सिट ल्याउने पक्का छ । कांग्रेस र समाजवादीको एक एक सिट खोसेर नेकपाले दुई सिटमा आफ्नो दाबी सुनिश्चित गराउन लागको हो ।

प्रदेश २ मा सबैभन्दा बढी मत नेकपासँग छ । नेकपाको ३२ प्रदेशसभा सदस्य तथा ८३ प्रमुख र उपप्रमुखसहित कूल मतभार ३ हजार ३० छ । त्यसपछि दोस्रो स्थानमा समाजवादीको ३० प्रदेश सदस्यसहित ५२ वटा प्रमुख र उपप्रमुखसहित कूल मतभार २ हजार ३ सय ७६ छ । तेस्रो स्थानमा रहेको काँग्रेससँग १९ प्रदेश सदस्य तथा ८१ प्रमुख र उपप्रमुखसहित २ हजार ३ सय ७० मतभार छ । राजपाको २५ प्रदेशसभा सदस्य तथा ५४ प्रमुख र उपप्रमुखसहित २ हजार १ सय ७२ मतभार रहेको छ । त्यसमाथी, रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीसँग प्रदेशसभा सदस्य एकसहित ४८ र हरिचरण साह नेतृत्वको नेपाली जनता दलको दुई प्रमुख र उपप्रमुखसहित ३६ मतभार रहेको छ ।

गठबन्धनका त्रिकोणीय अवस्थाका कारण प्रदेश २ को निर्वाचनमा मत गठबन्धन अनुसार जान नसक्ने आशंका दुवै पक्षको छ । त्यसमाथि विजय सुनिश्चित देखिएको नेकपा-राजपाको मत प्रभावित गर्न कांग्रेस र समाजवादीले निरन्तर प्रयास गरिरहेको रिपोर्ट केन्द्रमा पुगेको छ ।

मत प्रभावित हुने आशंका बढेपछि नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सम्बोधन गर्नका लागि माघ

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय



# शहीदका आँसुको मोल

मधेश जनविद्रोह चर्किएको माघ ५ गते १३ वर्ष पुरा हुँदैछ । यस दिनलाई मधेशमा बलिदानी दिवसको रूपमा मनाइने गरिन्छ ।

२०६३ माघ ५ गतेका दिन सिरहा जिल्लाको लहानमा रमेश महतोले मधेशको लागि दिएको शहादतबाट मधेश आन्दोलनले उत्कर्ष उर्जा प्राप्त गरेको थियो । तसर्थ यो दिन नेपालको इतिहासमा खास गरेर मधेशी जनताको मानसपटलमा बलिदानी दिवसको रूपमा सदा सर्वदाका लागि दर्ज भएको छ । यसै दिन मधेशीको पहिचान, स्वाभिमान र आत्मसम्मानका लागि आन्दोलनको सूत्रपात भएको दिनको रूपमा सम्झिने गरिन्छ । माघ ५ गतेको घटनाले सिर्जना गरेको मधेश आन्दोलनको उत्कर्ष ऊर्जाले नै नेपाललाई संघीय मुलुकमा रूपान्तरण गरेको बुझाइले समेत यो दिनलाई मधेशी शक्तिले विशेष रूपमा बलिदानी दिवस मनाउने गर्दै आइरहेका छन् । वितेको १२ बर्षमा मधेश र देशले माघ ५ को जगमा धेरै उपलब्धि पाएको छ । यसले नेपालको राजनीतिमा नवीन युगको सुत्रपात पनि गरेको छ जसमा उत्पीडित र सीमान्तकृत समुदायको प्रतिरोधको राजनीतिले नयाँ उचाई र नयाँ आत्मविश्वास प्राप्त गरेको छ । मधेशी पहिचान राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा स्थापित भएको छ ।

यो बलिदानी दिवस उनीहरूको सहादतको प्रतिको उच्च सम्मान र श्रद्धाञ्जली हो । तर धेरै कुरा अझ पनि पाउन बाँकी छ । तसर्थ बलिदानी दिवस शहीदहरूको बाँकी सपना पूरा गर्ने संकल्प पनि हो । यो आन्दोलन मधेश र मधेशी जनताले सम्पूर्ण अधिकार प्राप्त नहुन्जेल जारी रहनुपर्छ ।

**शहीद परिवारप्रति मधेशी दलहरूको नेतृत्व उदार देखिँदैन । शहीदका परिवारले पीडा खेपे तर आनन्द नेताहरूले लिए ।**

मधेश आन्दोलन र मधेशको अधिकारका लागि लडेर शहीद भएकाको सम्झनामा हरेक वर्ष मधेश बलिदानी दिवस मनाउने गरिए पनि अधिकारको माग गर्दै आन्दोलनमा उत्रिएका विभिन्न मधेशी राजनीतिक दल आ-आफ्नो स्वार्थको राजनीति गर्दै सत्तामा प्रवेश गरेपछि पछिल्लो समय मधेश आन्दोलनलाई दलहरूले बिर्सदै गएको समेत आरोप लाग्दै आएको छ ।

संविधान संशोधन गरेर मधेशको माग सम्बोधन गर्ने बहानामा नेताहरू सरकारमा सहभागी भएसँगै सबै माग बिर्सने गरेको भन्दै आन्दोलनको औचित्य पूरा गर्न मधेशका जनताले माग गर्दै आएका छन् । मधेशी सहिदहरू प्रति आगाध माया र भावना मधेशी जनताको अझै पनि जोडिएको छ । मधेश आन्दोलनकै उपलब्धि समावेशी सहभागिता, संघीयता र पहिचान भएकोले सबै उपलब्धि एकै पटक प्राप्त नभएपनि यसको लागि मधेशी दलहरूले आफनो आवाजलाई बुलन्द बनाइराख्नु पर्छ । सबै दलले सामूहिक रूपमा मधेशी शहिदहरूलाई सम्मान गर्न नसक्नु उनीहरूप्रति अपमान हो । मधेशी जनताको भावना र सहिदहरूको सपना साकार गर्न मधेशी दलहरू चुकेकै हो । सिरहाको लहानमा तत्कालीन नेकपा माओवादी कार्यकर्ताले चलाएको गोलीबाट रमेशको निधन भएको थियो । त्यससँगै मधेश आन्दोलन उठेको थियो । आन्दोलनबाट धेरै मधेशी नेताको उदय भयो । उनीहरू स्थापित पनि भए, धेरै मन्त्री पनि भए तर न त मधेशी जनता र मधेशी सहिदको सपना साकार भयो न त सहिद परिवारले नै केही पाए । रमेशको बलिदानी खेर गयो कि जस्तो लाग्छ ।

मधेशी जनताको अधिकार र मुक्तिका लागि बारम्बार भएका आन्दोलनमा सहिद भएका घरका परिवारका सदस्यहरूले मधेशी दलहरूले एजेण्डा छोडेको र सहिदको सपनालाई बिर्सेर सत्तामा लिप्त भएको आरोप लाग्दै आएका छन् । मधेशी नेताहरू सत्तामुखी भएका कारण सहिदका परिवार विचल्लीमा परेका छन् । शहिद परिवारका सदस्यहरूले मधेश आन्दोलनका क्रममा सहिदहरूले देखाएको बाटोमा दलहरू नलागेको र सदैव कुर्सीको खेलमा लागेकोमा दुःखी छन् । वास्तवमा सहिद परिवारप्रति मधेशी दलहरूको नेतृत्व उदार देखिदैन । सहितका परिवारले पीडा खेपे तर आनन्द नेताहरूले लिए ।

## सातको सात बात



नेपाल प्राचीनकालदेखि नै स्वतन्त्र, स्वाधीन, सार्वभौमसत्ता राष्ट्रको रूपमा रहिरहन पूर्वजहरूको वीरता, कार्यकुशलता र बुद्धिमतापूर्ण भूमिका रहेको छ । छरिएर रहेका अनेकौं राज्यहरूलाई एकीकृत गरी सुदृढ नेपाल निर्माण गर्नुपर्ने अपरिहार्य आवश्यकता बोध गर्दै पृथ्वीनारायण शाहको नेतृत्वमा सुरू गरिएको एकीकरण अभियान सफल भएको छ । **विद्यादेवी भण्डारी, राष्ट्रपति**



कुनैपनि देशको सभ्यता निर्माणका लागि शिक्षा अपरिहार्य छ । शिक्षाको विकासबिना देशले प्रगति गर्न सक्दैन त्यसैले राज्यले शिक्षामा ध्यान दिन जरूरी छ । नेपालको आफ्नै मौलिक पहिचान र संस्कृति रहेकाले त्यसलाई जोगाइराख्न पनि शिक्षा सबल हुनुपर्छ । **डा. रामवरण यादव, पूर्वराष्ट्रपति**



टीकापुर घटनाको आरोपमा काराबास जीवन बिताइरहेका थारू राजबन्दी छिट्टै मुक्त हुन्छन् । राष्ट्र तथा लोकतन्त्र निर्माणमा तराईका आदिवासी थारू समुदायको महत्वपूर्ण भूमिका रहेकोमा सोझा इमान्दार थारूलाई विभिन्न आरोपमा कारागारमा कोच्नु न्यायसंगत होइन । **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



मानव अधिकार र समाजिक न्यायमा सरकार प्रतिबद्ध रहेको छ । विश्वकै उत्कृष्ट नेपालको संविधानअनुसार मानव अधिकार र सामाजिक न्यायको कार्यान्वयनमा सरकारले कुनै कसर छोड्दैन । **प्रदीपकुमार ज्ञवाली, परराष्ट्रमन्त्री**



संविधानले परिकल्पना गरेको समाजवादमा पुग्न सरकारले लक्ष्य लिएको छ । प्रदेश तथा स्थानीय सरकारले जनताको आधारभूत आवश्यकता र जनजीविकाको पक्षमा काम गर्नुपर्छ । जनताको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको विकास गर्नु नै समाजवादको मूल उद्देश्य हो । **नारायणकाजी श्रेष्ठ, प्रवक्ता, नेपाल कम्युनिष्ट पार्टी**



कम्युनिष्ट पार्टी नेतृत्वको स्थानीय तहले काम गर्दा जनताको आधारभूत आवश्यकतालाई सम्बोधन गर्नुपर्छ । सन् २०३० भित्र दिगो विकास लक्ष्य पूरा गर्ने सरकारको प्रतिबद्धता रहेको छ । शिक्षा र स्वास्थ्य सबै नागरिकको पहुँचभित्र पुगेमा मात्र समाजवाद उन्मुख राज्य व्यवस्था स्थापना हुनसक्छ । **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



जलवायू परिवर्तनलाई रोक्न फिल्डमै काम गर्नुपर्छ सभा गोष्ठी गरेर जलवायु परिवर्तन रोकिदैंन । चुरे दोहन र वन विनास रोक्नुको साटो जलवायु परिवर्तन रोक्न सभा सम्मेलनमा समय खर्चिनु दुभाग्यपूर्ण हो । चुरेको दोहन र वन विनासले नेपालमा प्राकृतिक विपद् निम्त्याउँछ । **मो. लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**

# अधिकार आन्दोलनमा मधेशको भूमिका

**विचार-विश्लेषण** भाग-५५



उपेन्द्र झा

सन् १९४७ मा भारत आजाद भइसकेपछि नेपालमा पनि स्वतन्त्रता आन्दोलन उत्कर्षमा आउन खोजिरहेको थियो । राणा शासनको निरंकुशतालाई नेपाली जनताले चुनौती दिन विरोधका कार्यक्रमहरू निरन्तर भइरहेका थिए । भारतसँग मधेशको खुला सिमाना रहेको कारण आन्दोलनकारीहरूका लागि भारत भूमि सुरक्षित स्थान भएकोले पनि मधेश आन्दोलनको केन्द्र-विन्दु बनेको थियो । राणा शासन विरूद्ध लामो समयदेखि मधेशमा राजनीतिक चेतनाको अभ्यास भएकोले नेतृत्वको विकास र संगठित आन्दोलनको पृष्ठभूमि तयार भइसकेको थियो ।

विराटनगरको मजदुर आन्दोलन :- ४ मार्च १९४९ (वि.सं. २००६ चैत) विराटनगर जुट मिल तथा मोरङ कटन मिलमा रहेका मजदूरहरू दास र गुलाम जस्तै न्यूनतम पारिश्रमिक समयमा उपलब्ध हुन नसक्ने, असिमित श्रम शोषणमा बाँच्न बाध्य हुनु पर्ने, आफ्नो स्वतन्त्र अस्तित्व नभई मालिकको इसारामा बाँच्नु पर्ने पीडाले मजदूरहरू पीडित थिए । आफ्नो मौलिक हक अधिकारका लागि राजनीतिक रूपले सचेत भइरहेका मजदूरहरू अन्ततः आफ्ना मागहरू (१) दिइने पारिश्रमिक समयानुसार उचित नरहेकाले ४०% वृद्धि गर्नुपर्ने (२) प्रतिवर्ष पारिश्रमिक वृद्धि गर्नुपर्ने (३) विरामी भएका मजदूरहरूलाई प्रतिवर्ष १५ दिनको सवैतनिक विरामी विदा दिनुपर्ने (४) जुट मिल अस्पतालमा बोर्डको व्यवस्था आदि मागहरूका साथ दुवै मालिक मजदूरहरूले सरकारका विरूद्ध आन्दोलन थाले ।

यो आन्दोलनलाई वी.पी. कोईराला, जी.पी. कोईराला, मनमोहन अधिकारी, नैनाबहादुर बोहरा, दिनेश दुबे, मुनीलाल चौधरी, इन्द्र प्रताप सेन, पंचानन दास र पुरन सिंहले नेतृत्व गरेका थिए । यो राणा विरोधी ऐतिहासिक मजदूर आन्दोलनलाई निर्ममता पूर्वक दमन गरेको नेताहरू पक्राउ पाँच जना मजदूर शहीद भएको दर्जनौं घाईते भई लडेको तथा मधेशी मजदूरलाई राणाका अफिसरले अश्लील गाली गर्दै "आफ्नो माग लिएर भारत सरकार कहाँ जाउ" भन्दै दमन गरेबाट यो आन्दोलन मधेशबाट संचालित रहेको बुझिन्थ्यो ।

नेतृत्व गरेको कतिपय नेताहरू पक्राउ पर्दा पनि विरोधको कार्यक्रमलाई निरन्तरता दिन चैत २७-२८ गते जोगबनीमा नेपाली राष्ट्रिय कांग्रेसको बैठक बस्यो । यो बैठकले मातृका प्रसाद कोइरालालाई सभापति बनायो । २००७ बैशाख १ गतेदेखि देशभरि सत्याग्रह आन्दोलन गर्ने निर्णय पनि यो बैठकले गऱ्यो ।

विराटनगरको मजदूर आन्दोलनको दमन र गोर्खाली अफिसरको मधेशी मजदूरप्रतिको भेदभाव (भारतीय भनेर गाली गरेको) प्रति रघुनाथ ठाकुरको लिखित प्रतिक्रियामा मधेशीलाई अश्लील शब्द प्रयोग न्याय माग्न इन्दिरा गान्धी नजिक जाउ भन्ने अभिव्यक्तिमा सो अफिसरलाई अपदस्थ गर्ने र मधेशको उद्योगमा मधेशी मजदूरको प्रधानता हुनुपर्ने माग राखेका थिए ।

सत्याग्रह आन्दोलन :- २००७ साल बैशाखदेखि देशैभरि सत्याग्रह आन्दोलन संचालन गर्ने नेपाली राष्ट्रिय कांग्रेसको जोगवनीको बैठकले निर्णय गरी कार्यविभाजन समेत गऱ्यो । राणा विरोधी कार्यक्रम संचालन गर्न सप्तरीको सीमापारि कुनौलीमा क्याम्प राखियो । कृष्णप्रसाद भट्टराईलाई कुनौली मोर्चाको इन्चार्ज बनाइयो ।

आन्दोलनको निरन्तरता दिन राजविराज गोश्वारा (वडाहाकिमको अड्डा) अगाडि प्रदर्शन गर्ने कार्यक्रम अनुसार गजेन्द्र प्रसाद सिंह कुशेश्वर पाठक र महेन्द्र राय सम्मिलित सो विरोध कार्यक्रम स्थलबाटै तीनै जना पक्राउ परे । तर पछि भारत सरकारको आग्रहमा रिहा पनि भए । जनकपुर मोर्चामा महेन्द्र नारायण निधी र रामाकान्त झा तैनाथ थिए भने लुम्बिनी अञ्चलको इन्चार्ज भोलानाथ शर्मा, दयाशंकर मुन्शी, एवं काशीनाथ गौतम विरोध कार्यक्रमलाई अगाडी बढाउने क्रममा गिरफ्तार भए ।

सत्याग्रह आन्दोलनको कार्यक्रममा सहभागी जनकपुरमा सरयुग चौधरी, आशीष भगत, मिश्रीलाल गुप्ता, लक्ष्मण साह, मेघ प्रसाद उपाध्याय, भिष्मजंग केशरी, दिगम्बर झा, बच्चा झा, बाल बहादुर मगर, निर्गुण यादव, भारतीय कवि नरेन्द्र देव, मटिहानीमा सरोज कोइराला, महेन्द्र नारायण निधी, नकुल बहादुर सिंह र प्रं.रामाकान्त झा लगायत धेरैको गिरफ्तारी भयो । वीरगञ्ज मोर्चाबाट नथुनी साहलगायत दर्जनौ युवाहरू गिरफ्तार भए ।

३१ जनवरी १९५० (वि.सं.२००६ माघ १६ गते) जनकपुरबाट भद्रकाली मिश्र, रामनारायण मिश्र, ज्ञानीशंकर गिरी, महावीर शर्मा, श्याम सुन्दर शर्मा, आनन्दीलाल झुनझुनवाला, राधाप्रसाद चौधरीको गिरफ्तारी भयो ।

रौतहट किसान आन्दोलन : विं.स २००७ मंसिर १ गते (सन् १९५०, १२ नोभेम्बर) चारैतिर राणा विरोधी आन्दोलन उठिरहेको थियो । रौतहटमा पनि हजारौंको संख्यामा किसान आन्दोलन प्रस्फुष्टित भयो । सेनाको बर्बर आक्रमणमा निहत्था किसानहरूको दर्जनौंको हत्या भयो । किसान नेता शिवप्रसादको पनि हत्या भयो र सयौं किसानहरू घाइते भए ।

राणा शासनबाट मुक्त भएपनि मधेशका आन्दोलनकारीहरूलाई छानीछानी मार्ने क्रम जारी नै रह्यो । २००९ सालमा रौतहटमा अशर्फी साह, २०११ सालमा सिरहाको बहादुर सदा सोही सालमा बाराको मुगालाल महतो, २०१४ सालमा सप्तरी धनपुरीको अघोरी यादव किसान आन्दोलनका अगुवा भएकाले मारिए ।

प्रजातन्त्रको उज्यालोमा मधेशमाथि रहेको भेदभावको उत्पीडन समाप्त हुन्छ भन्ने आशामा मधेशी जनताहरू आन्दोलनमा जति शहादत्त दिएपनि उपनिवेशिक दोहन शोषणको अन्त्य , समान हैसियतको मौलिक हक बहाल हुन नसकेका कारण मुक्ति आन्दोलन अब कथित प्रजातन्त्रवादी, राजवादीतिर मोडियो । राज्य र मधेशबीचको अन्तरविरोध बारे गहिरो अध्ययन राख्ने मधेशका प्रखर अग्रणी नेता रघुनाथ ठाकुरले आन्दोलनलाई अगाडि बढाउन आफ्नै नेतृत्वमा अहिंसात्मक मधेश मुक्ति आन्दोलनको माध्यमले मधेशी जनतामा जागरण ल्याउन विभिन्न पर्चाहरू, पुस्तकहरू लेख्ने, प्रकाशित गर्ने साथै आफ्ना सहकर्मीहरूसँग मधेशमा संगठन विस्तार गर्न लाग्नुभयो । २०१५ सालमा 'परतन्त्र मधेश और उसकी संस्कृति' प्रकाशित गरेर मधेशीसँग भैरहेको भेदभावबारे जनचेतना फैलाउने क्रममा यिनका संगठनका कर्मठ, इमान्दार, कर्मयोगी र रघुनाथ रायलाई रूपन्देहीको एउटा गाउँमा प्रशिक्षण शिविरमा हत्या गरियो । टुक्रा टुक्रा पारी निर्मम हत्या गरी लाश फालियो भने सत्यदेवमणी त्रिपाठीलाइ नौतनवामाा गोली हानी हत्या गरियो । त्यस्तै मोरङ जिल्लाको कटहरी निवासी मधेश मुक्ति आन्दोलनका सक्रिय सदस्य तथा रघुनाथ ठाकुरको निकटतम सहकर्मी शनिश्चर चौधरीको आफ्नो पत्नीका साथ शहादत दिए ।

> प्रजातन्त्रको उज्यालोमा मधेशमाथि रहेको भेदभावको उत्पीडन समाप्त हुन्छ भन्ने आशामा मधेशी जनताहरू आन्दोलनमा जति शहादत्त दिएपनि उपनिवेशिक दोहन शोषणको अन्त्य , समान हैसियतको मौलिक हक बहाल हुन नसकेका कारण मुक्ति आन्दोलन अब कथित प्रजातन्त्रवादी, राजवादीतिर मोडियो ।

*janukjha24@gmail.com*

# आफ्नै मुलुकमा शरणार्थी भइयो



सोनी खातुन

कुनै पनि देशको नागरिक भएर बाँच्न नागरिकता नभइ नहुने चिज हो । जोसँग नागरिकता हुँदैन, उसको पीडा अथाह हुन्छ । यो पीडा आफूले नभोगेसम्म बुझ्न सकिन्न । म पनि यो पीडाबाट गुज्रिरहेकी छु । म नेपाली भए पनि नागरिकता बिना नै जीवन बिताउँन मुस्किल मात्र नभएर जीवन नै असहज भएको छ ।

म २० वर्षकी भएँ । उमेरसँगै मेरो आफ्नो र परिवारप्रति दायित्व बढेको छ । मैले पनि केही काम गरी पढाई खर्च र सकेसम्म आफ्नो परिवारलाई सक्दो सहयोग गर्ने सोच बनाएकी हुन । तर मेरो नागरिकता बन्न नसकेकोले धेरै कामबाट वञ्चित हुनु परेको छ । नागरिकता बिना जीवन जिउँदा त पहिलो मेरो काम गर्ने जीवनमा पनि असर पर्दो रहेछ भन्ने बुझेकी हुँ ।

नेपालमा बसेर आफ्नो भविष्य बनाउन नसकिने कुरा एउटा तीतो सत्य हो । मेरो सोच पनि विदेशमा काम गरी नेपालमा आफ्नो भविष्य सपार्ने ठूलो सपना थियो । तर आफ्नै देशमा नागरिकता बिना जीवन बिताउन संघर्ष गर्ने व्यक्तिले त्यो ठूलो सपना देख्नु दुरूह जस्तै भएको छ । आफूसँग नागरिकता नभएकोले लगभग शैक्षिक शिक्षा प्राप्त गरेर केही गर्न सक्छु भन्ने आशा पनि टुटेको छ । अब नागरिकता बिना आफ्नो जीवन धेरै अन्धकार बित्ने रहेछ भन्ने अनुभव गर्दै अगाडि बढ्दै छु ।

## नागरिकता नपाउँदाको पीडा

- अध्ययनमा समस्या
- रोजगारीमा समस्या
- नागरिकसरह बाँच्न पाइनँ
- स्वरोजगार गर्न सकिएन
- व्यक्तित्व विकासमा अवरोध
- रोजगारी पाइनँ
- क्षमता पनि प्रस्तुत गर्न सकिएन
- बाँकी जीवन अन्धकारझैं देखियो
- नेपाली भएकोमा गर्व छ, तर वैधानिकता नहुँदा जीवन कष्टकर भयो

बाल्यकालमा हँदा मलाई जीवन धेरै सजिलो हुन्छ जस्तो लाग्थ्यो । बाल्यकालमा जीवन सजिलो लाग्नु स्वभाविक हो । तर आफ्नो शिक्षाको स्तर बढ्दै जाँदा जीवन सजिलो हुन्छ यो भन्ने कुरा मात्र हो भन्ने थाहा पाएँ र आफ्नो शैक्षिक अध्ययन गर्दै गर्दा स्कूल र कलेजमा नागरिकताको आवश्यक्ता पर्दा बल्ल नागरिकता के हो भन्ने थाह पाएँ । स्कूलमा जसोतसो पढ्न पाए पनि कलेजमा नागकिरता अनिवार्य हुँदो रहेछ । कलेज पढ्ने क्रममा मैले नागरिकताको आवश्यक्ता महसुस गरें । आफू नेपालको नागरिक हुँदा हुँदै पनि नागरिकताको दुःख पाइने रहेछ भन्ने कुरा पनि मैले बुझें । पहिला पहिला मलाई राम्रो पढाई हुँदा राम्रो जागिर पाइन्छ जस्तो लाग्थ्यो तर अहिले आएर यो थाहा भयो कि राम्रो जागिर पाउनलाई राम्रो शिक्षा भन्दा नागरिकता चाहिँदो रहेछ । नागरिकता नभपछि राम्रो जागिर होइन जागिर नै नपाइने रहेछ ।

नागरिकता नभएर जागिर खान जाँदा राम्रो बायो-डाटा हेरेर भोली आउनु भन्नेहरूले नागरिकता लिएर आउनु भन्दा मन खिन्न हुन्छ । जागिर खाने क्रममा धेरै ठाउँमा रिजेक्सन भन्ने कुरा देख्नु पऱ्यो । सधैं आफ्नो आत्मबल डगमगाउँदै गएको महसुस गरें । नागरिकता नभएर जागिर खाँदा मात्र दुख नभएर अरू ठाउँहरूमा पनि दुःख भोग्नु पर्ने हुँदो रहेछ । नागरिकता नै आफ्नो पहिचान हुँदो रहेछ । चाहे आफूले जति नै राम्रो काम गरे पनि । मान्छेको विश्वास जित्न पनि धेरै नै गाह्रो हुँदो रहेछ । आफू इमान्दार भएतापनि एउटा नागरिकता नहुँदा सँधै निराश हुनु पर्दो रहेछ । जागिर आफ्नो ठाउँमा छ तर नागरिकता बिना आफ्नो केही अस्तित्व नहुने रहेछ ।

नागरिकता नभएर आफ्नो जीवन पूरा अन्धकारमा रहने र आफ्नो नाममा केही गर्न असम्भव हुँदो रहेछ भन्ने कुरा थाहा पाएँ । आफूले सबै काम गर्न सक्ने क्षमता हुँदाहुँदै पनि केही गर्न नपाउँदा आफू पुरै तरिकाले केही गर्न नसक्ने अनुभव गरें । धेरै दुःख गरेर पढि सकें पनि आफ्नो पढाई केही काम नलाग्ने हुँदा के गर्नु के नगर्नु जस्तो अनुभव गर्दै गएँ । आफ्नो लागि केही गर्न नसक्ने अवस्थामा आमाबुवालाई छोरी भएर पाल्ने सपना चक्नाचुर भएको अनुभव गरेकी छु ।

आफूसँग नागरिकता नहुनु भनेको आफ्नो जीवन पुरा अन्धकारमा बित्नु हो । आफू गरिब भएकोले होला जागिर नहुँदा नागरिकता बिना जीवन अन्धकार लागेको हो । आफूले आफ्नो लागि आफैं सबै गर्न सक्ने उमेरमा पनि आमाबुवामा निर्भर हुनु पर्दा साह्रै निराश लाग्छ । आमाबुवाले सक्ने पढाई लेखाई दिए तापनि आफ्नो लागि केही गर्न नसक्दाको दुःख व्यक्त गर्न सक्नु असम्भव लाग्छ । आफूले गर्न सक्ने काम धेरै हुन्छ तर जुनसुकै काम गर्नुलाई नागरिकताको आवश्यक्ता हुँदा आफ्नो पढाई कुनै पनि ठाउँमा उपयोग नहुने भयो । आफ्नो केही काम नहुँदा आफ्नो अस्तित्व नै नहुने अनुभव गरेकी छु । आफ्नो अस्तित्व नै नहुँदा दैनिक जीवन बाँच्न धेरै गाह्रो हुँदोरहेछ । अस्तित्वविहीन जीवन कोही पनि बाच्न चाहँदैन र म त्यही समस्यासँग जुझ्दै आएकी छु । संघर्षसँग डराउन डराएकी होइन तर संघर्ष गर्दा गर्दै आफ्नो जीवनको कुनै अस्तित्व छैन भन्ने सोचमा लागेको छु । सबै लिगल काम गर्न नागरिकताको आवश्यकता पर्छ जुन मसँग असम्भव छ । त्यसकारण जुन काम गर्दा नागरिकताको अभाव हुँदैन । त्यही काम गर्न बाध्य हुनेछु । इलिगल काम गर्न कसलाई रहर हुन्छ र तर आफ्नो अवस्था देखेर त्यो काम गर्न बाध्य हन्छु होला आउने दिनहरूमा ।

सुरूवातमा त नागरिकता के हो ? यो किन चाहिन्छ भन्ने कुरामा अल्मलेको थिएँ । जब जागिरको खोजीमा लागे, नागरिकताको मूल्य पनि बुझें । तैपनी मनमा आशा थियो कि सबै कार्यालयमा नागरिकता मागिदैन होला तर जति जागिरको खोजी गरें त्यति नै मेरो सोच गलत रहेको अनुभव गर्दै गएँ । जुनसुकै कार्यालयमा पनि नागरिकता आवश्यक हुने र नागरिकता बिना आफूले जागिर खाने सोच असम्भव रहेको अनुभव गरें ।

हामी सबैलाई अनुभव भएको कुरा नै हो कि नागरिकता बिना कुनै सपना पूरा गर्न असम्भव हुन्छ । त्यसअर्थ नेपालको नागरिक भएर नागरिकता नहुँदा धेरै पीडाहरू सहनुपर्ने र आफ्नो अस्तित्व नहुने कुरामा असाध्यै दुःखी अनुभव गर्छु ।

# राजपा र नेकपाको अनमेल गठबन्धन



**प्रहलाद गिरी गोश्वामी**
**प्रदेशसभा सदस्य, प्रदेश २, समाजवादी पार्टी**

राजपा र नेकपाको अनमेलको गठबन्धन हो । राजपा र नेकपाको विचार, सिद्धान्त, एजेन्डा केही पनि मिल्दैन । त्यसैले, उनीहरूको गठबन्धन प्रतिकूल छ, यो नै हाम्रो लागि सकारात्मक कुरा हो ।

**० प्रदेश २ मा कांग्रेस र समाजवादीले चुनावी गठबन्धन गरेको छ । यसको तयारी कस्तो छ ?**

– माघ ९ गते हुने राष्ट्रियसभाको निर्वाचनको लागि कांग्रेस र समाजवादी पार्टीको नेताहरूको बैठक भइरहेको छ र हामी जोडतोडका निर्वाचन अभियानमा लागेका छौं । आफ्ना गठबन्धनलाई जिताउनको लागि गाणितीय हिसाबले हामी बलियो छौं । हालै पर्सा जिल्लामा समाजवादी पार्टी र कांग्रेसको नेता, मतदाता, गाउँपालिका, प्रमुख, उपप्रमुख र उम्मेदवादहरू लगायतका संयुक्त बैठक पनि गरेका छौं र आफ्नो गठबन्धन जिताउन हामी इमान्दारीका साथ लागेका छौं ।

**० खासगरी प्रदेश २ मा समाजवादीले आफ्नो सिट जोगाउन सफल हुन्छ त ?**

– यो त निवार्चन हो । निर्वाचनमा जे पनि हुन सक्छ । गणितीय हिसावले हामी २७१ मतले पछाडि छौं तर हामी आशावादी छौं । कम्युनिष्टहरूको एकाधिकार र सर्वोच्चतावादी सोचलाई पराजित गर्ने प्रजातान्त्रिक गठबन्धनको लक्ष्य हो । गणितीय हिसावले राजपा र नेकपाको गठबन्धनको जीत सुनिश्चितजस्तै छ तर चुनावमा गाणितीय हिसाबले मात्र हुँदैन ।

**० राजपा र नेकपाको गठबन्धनले पनि यस्तै दाबी गर्दै आइरहेको छ । यस्तोमा तपाइहरू कसरी आशावादी हुनुहुन्छ ?**

– गणितीय हिसावले राजपा र नेकपाको गठबन्धनको जीत सुनिश्चित जस्तै छ तर चुनावमा गाणितीय हिसाबले मात्र हुँदैन । राजपा र नेकपाभित्रको अन्तरविरोध हाम्रो लागि सकारात्मक कुरा हो । बाजी पल्टिन सक्ने सम्भावना छ । किनभने राजपा र नेकपाको अनमेलको गठबन्धन हो । राजपा र नेकपाको विचार, सिद्धान्त, एजेन्डा केही पनि मिल्दैन । त्यसैले, उनीहरूको गठबन्धन प्रतिकूल छ, यो नै हाम्रो लागि सकारात्मक कुरा हो ।

**० बाजी पल्टिन सक्ने सम्भावना कति प्रवल छ ?**

– निवार्चनमा निराशावादी बन्नु हुदैन आशावादी नै बन्नुपर्छ र हामी आशावादी नै छौं । किनभने राजपा र नेकपाको अनमेलको गठबन्धन हो र यो तेल र पानी जस्तै हो जुन कहिले मिसिदैन ।

**० राजपा र नेकपा अनमेल र अप्राकृतिक हो ?**

– कतिपय मान्छेले अप्राकृतिक भन्ने गरेका छन् तर म त्यस्तो भन्दिन किनभने यो अनमेलको गठबन्धन हो ।

**० तपाईंहरू नेकपासँग गठबन्धन गरेर सरकारमा जान मिल्ने तर राजपा किन जान नमिल्ने ?**

– हामीले कामना गरेका छौं राजपा सरकारमा जाओस् । प्रदेश २ मा समाजवादी पार्टी र राजपा गठबन्धन गरेर हामी चुनाव लडेका हौं । मधेशी दलको सरकार प्रदेश २ को जनताको म्यान्डेट पनि हो ।

राजपा र नेकपाबीच चुनावी तालमेल र केन्द्रमा जानको लागि पनि भएन र उनीहरूको गठबन्धन अनमेल हुनुको कारण समाजवादी पार्टीमा अधिकांश नेता कायर्कताहरू बाम पृष्ठभूमीबाट आएका छन् र राजपामा कांग्रेस पृष्ठभूमीबाट छन् । यो हिसाबले उनीहरूको व्यवहार विचार, सिद्धान्त र एजेन्डा केही पनि मिल्दैन ।

**० राजपासँग तपाइहरूको व्यवहार विचार, सिद्धान्त सबै मिल्छ तैपनि कांग्रेस, समाजवादी पार्टी र राजपाबीच गठबन्धन किन भएन ?**

– कांग्रेस, समाजवादी पार्टी र राजपाबीच गठबन्धन हुनुपर्ने हो तर जुन ठाँउमा सहमति हुनुपर्ने हो त्यहाँ कसैको कमी कमजोरी, धैर्यता रहेन होला । राजनीति सम्भावनाको खेल हो । यसमा विभिन्न सम्भावनाहरू आइरहन्छन् र हामीसँग पनि अर्को विकल्प रहेन । कम्युनिष्टहरूको एकाधिकार र सर्वोच्चतावादी सोचलाई पराजित गर्ने डेमोक्रेटिक एलायन्सको लक्ष्य पनि हुनसक्छ ।

**० कम्युनिष्टको विकल्पमा प्रजातान्त्रिक धारका दलहरूबीच किन गठबन्धन भएन ?**

– दुर्भाग्यवश सहर्काय नहुनु तर डेमोक्रेटिक एलायन्स बन्ने प्रक्रिया यही चुनावबाट भइराखेको छ । जो साथीहरू छुट्नु भएको छ पछि गएर समावेश हुन सक्नुहुनेछ ।

**० राष्ट्रियसभाका लागि राजपाले कांग्रेस, समाजवादी पार्टी अर्थात् तिनवटै दलहरूसँग सहकार्य गर्न खोज्दा तपाईंको पार्टी मानेन भन्ने राजपाको आरोप छ, के यो साँचो हो ?**

– हाम्रो पार्टीबाट र राजपाबाट पनि केहि व्यवहारिक कमी–कमजोरी भयो होला । त्यही भएर यो प्रदेश २ को केन्द्रमा हुन सकेन । अब भागबण्डा भइसके पछि एकअर्कालाई आरोप प्रत्यारोप हुनु स्वभाविक नै हो ।

**० भनेपछि भागबण्डा नमिलेर पनि हुनसक्छ ?**

–भागबण्डा पनि हुनसक्छ । कसैको अहंकार र निगलिजेन्सी पनि हुन सक्छ ।

**० राष्ट्रियसभामा सहर्काय गर्न राजपा र नेकपाबीचको सहमति भयो । यो सहमतिले प्रदेश २ को सरकारमा धक्का पुगेको कारणले गर्दा सत्ता समीकरण परिवर्तन हुनसक्ने आकलण गरिदै छ । यस्तोमा तपाइँ के भन्नुहुन्छ ?**

– राजपाको नेताहरूको भनाइ अनुसार उनीहरूको गठबन्धन राष्ट्रियसभा निर्वाचनको लागि मात्रै हो । पछि चाँही उनीहरूसँग विभिन्न राष्ट्रिय मुद्दामा सहकार्य गर्दै जाने भन्ने सहमति गरिएको छ ।

**० प्रदेश २ मा राष्ट्रियसभाको चुनाव पछाडि नेकपा र राजपाको सरकार बन्दैछ भन्ने धारणाले गर्दा सत्तासाझेदार दलबाट पहिलाको जस्तै व्यवहार पाउनुहुन्छ कि विचारमा भिन्नता आएको छ कि देख्नुहुन्छ ?**

–अहिलेसम्म त्यस्तो व्यवहार देखिएको त छैन तर यो निर्वाचन पछि देख्न सकिन्छ । यदि फाटो नै हुने हो र अलगअलग धारणा नै जाने हो भने व्यवहारबाट थाहा भइहाल्छ । अर्को कुरा जो राजपाभित्रका केही साथीहरूलाई मन्त्री बन्न हतार छ ।

**० विगत् लामो समयदेखि प्रदेश २ को प्रदेशसभासदस्य अवरूद्ध हुँदै आइरहेको छ, किन?**

– उपभोक्ता समितिहरूको रकम भुक्तान नभएको, समाजवादी पार्टीहरूको कतिपय संसदहरूका पनि छिपेका कुराहरू पनि कांग्रेस, नेकपा, माओवादीहरूको पनि अर्थात् सबैको भुक्तान्तरण रोकिएको छ । यसको लागि हामी विशेष समिति पनि बनायौ । हाउसमा आएर रिर्पोटहरू पनि दियौं ।

**० मुख्यमन्त्री नै दोषी हो उहाँले नै नचाहेर लामो समयदेखि भुक्तान्तरण हुन नसकेको भन्ने आरोपहरू लागिराखेको छ ?**

– आरोप त जे पनि लाग्छ मुख्यमन्त्री किन नचाहनु । यो कुनै प्राइभेट फर्म होइन यसमा नियम कानुन, विधिवत् ढङ्गले सब पुऱ्याउनु पर्छ । यसमा त अलि समय लागिहाल्छ ।

**० केहि प्रक्रिया नपुगेर ढिला भएको हो ?**

–केहि प्रक्रियाहरू नपुगेर समस्या भएको होला । अब यतिधेरै पैसा कहाँबाट ल्याएर दिने यहि बजेटबाट नै दिने हो । सबै वैधानिक प्रक्रियाहरू मिलाएर दिइनेछ ।

**० अख्तियार दुरूपयोग आयोगले प्रदेश २ मा बढी भ्रष्टाचार भएको प्रतिवेदनले भनेको छ । वास्तवमा प्रदेश २ मा सबैभन्दा बढी अनियमता र भ्रष्टाचार भएकै हो त ?**

– नेपालमा एउटा चलन भइसकेको छ । प्रदेश २ राम्रो काम गरेपनि नराम्रो काम गऱ्यो भन्ने । मधेशको समाजमा भएको राम्रो कुराहरू यहाँको मिडियाले दिदैनन् । राष्ट्रव्यापी अथवा अन्तर्राष्ट्रिय क्षेत्रमा पनि खस मनोवृतिबाट ग्रसित भएका खसवादी मिडियाहरूले आफूलाई राष्ट्रिय मिडियाको रूपमा भन्छन् कि तिनिहरूले यो देखाउन चाहन्छन् कि मधेश खत्तम छ । मधेशी समुदाय र मधेशको मान्छे खत्तम छ ।

# नेपालमा हिन्दीको व्यापकता छ

सम्पर्क भाषाको रूपमा सयौं वर्षदेखि हिन्दी नेपालमा रहिआएको छ । हिन्दीको प्रभाव व्यावहारिक कारणले पनि र रोजगारको सम्बन्धनको कारणले अपरिहार्यता छ । नेपालका ७० लाखभन्दा बढी जनशक्ति वैदेशिक रोजगारीमा छन् । त्यसकारणले हिन्दीलाई सरकारले बन्द गर्न सक्दैन ।



**मंगलप्रसाद गुप्ता**
**अध्यक्ष, हिन्दी मञ्च नेपाल**

**० विश्व हिन्दी सम्मेलनले हालै अन्तर्राष्ट्रिय हिन्दी सम्मेलनको आयोजना गरेको छ, यसको उद्देश्य के थियो ?**

– हिन्दी भाषाप्रति यहाँका नागरिकलाई उत्साहित गर्नु, हिन्दीप्रति जागरण र जागृत्ति फैलाउनु नै खास उद्देश्य छ । विभिन्न देशका हिन्दीसँग सम्बन्धित जुन संघसंस्थाहरू छन्, तिनीहरूलाई एक आपसमा जोड्ने अभियान हो । यसरी भएपछि विश्वस्तरमै हिन्दीको एउटा आन्दोलनको स्वरूपमा सन्देश आम जनतामा जान्छ । त्यसो भयो भने हिन्दीप्रति मानिसहरूको आकर्षण बढ्छ भन्ने हाम्रो अपेक्षा छ ।

**० हिन्दीलाई अन्तर्राष्ट्रियस्तरमा किन प्रचार प्रसार गर्ने ?**

– हिन्दी भाषालाई विश्वकै दोस्रो भाषाको रूपमा स्थापित गर्ने हाम्रो अवधारणा छ । विश्वका करोडौं करोड जनता हिन्दी बुझ्ने र बोल्ने गर्छन् । हिन्दी भाषा जानेपछि संसारका धेरै मुलुकमा भ्रमण गर्दा असहजता महसुस हुँदैन । अमेरिका, युरोप वा अरेबियन मुलुक वा साउथ इष्ट मुलुकहरूमा पनि यसको प्रचार प्रसार भइसकेको छ । यी मुलुकहरूमा भ्रमण गर्दा हिन्दी भाषा जानेपछि उसलाई अप्ठ्यारो हुँदैन । म आफै युनाइटेड नेशनमा गएको थिएँ र त्यहाँका महासचिव मूनसँग पनि हाम्रो छलफल भएको थियो । उहाँले पनि हिन्दी भाषालाई युनाइटेड नेशन्समा राख्ने स्वीकृति दिनुभएको थियो । युनाइटेड नेशन्समा पनि हिन्दी भाषा सातौं भाषाको रूपमा आओस् भन्ने हामीले प्रयास गर्दैछौं । यसका दुई तिहाइ बहुमत युनाइटेड नेशन्समा चाहियो । हिन्दी भाषा युनाइटेड नेशन्सको सातौ भाषा भइसकेपछि अझ आकर्षण बढ्छ । विश्वमा धेरै यस्ता देश छन्, जहाँ उसको मातृभाषालाई अँग्रेजी बनाउन अत्यन्त समस्या छ । हाम्रै देशका प्रतिनिधिहरू विदेशमा जाँदा भाषाको परिपक्कता नभएका कारण आफ्नो भावना, विचारलाई सजिलै राख्न सक्ने क्षमता देखिदैन । त्यसकारणले, युनाइटेड नेशन्समा हिन्दी भाषालाई मान्यता दिइयो भने यो समस्या समाधान हुन्छ । नेपालीलाई अँग्रेजीभन्दा हिन्दी सजिलो भएको देखिन्छ । त्यसैले हिन्दीको प्रचार प्रसार गर्न जरूरी छ ।

**० नेपालमा हिन्दीको अवस्था कस्तो छ ?**

– सरकारी स्तरबाट हिन्दीलाई कमजोर पार्न खोजिएको छ । किनभने केही दशक पहिले हिन्दी पाठ्यक्रममा देशभरिमा पढाइन्थ्यो, अहिले पूर्णत बन्द गरिदिएको छ । हिन्दीको नाममा त्रिभुवन विश्वविद्यालयमा एउटा विभाग खोलिएको छ तर त्यसप्रति सरकारको कुनै लगाव देखिएको छैन । त्यसकारणले, हिन्दीलाई निरूत्साहन पर्ने सरकारी अभियानले गर्दा अवस्था कमजोर छ । तर, यसको प्रचार प्रसार सामाजिक सञ्जाल, सिनेमामार्फत् भइरहेको छ । सम्पर्क भाषाको रूपमा सयौं वर्षदेखि हिन्दी नेपालमा रहिआएको छ । हिन्दीको प्रभाव व्यावहारिक कारणले पनि र रोजगारको सम्बन्धनको कारणले अपरिहार्यता छ । नेपालका ७० लाखभन्दा बढी जनशक्ति वैदेशिक रोजगारीमा छन् । त्यसकारणले हिन्दीलाई सरकारले बन्द गर्न सक्दैन । किनकि त्यो पेशासँग सम्बन्धित रहेको छ । नेपाल प्रारम्भ कालदेखि नै हिन्दी सम्पर्क भाषाको रूपमा रहँदै आएकोले यसको व्यापकता धेरै छ । नेपालको विकासका लागि हिन्दी सबभन्दा बढी आवश्यक छ । नेपालमा सबभन्दा बढी पर्यटक आउने मुलुक भारत नै हो र भविष्यमा पनि भारतबाटै सबभन्दा बढी पर्यटक आउँछ । यस्तो अवस्थामा हिन्दी भाषा नेपालमा प्रचलित भयो भने पर्यटकलाई हामी बढाउन सक्छौं । हिन्दी भाषामा राष्ट्रियस्तरको एउटा अखबार निकाल्नुपर्छ । त्यो अखबारको मार्केटिङ भारतमा गऱ्यो भने नेपालको बारेमा सजिलैसँग सबैलाई ज्ञान हुन्छ । नेपालका विभूतिहरू वा महत्वपूर्ण कुराहरूको हिन्दीमा अनुवाद गरेर प्रचार प्रसारमा पनि ल्याउन सकिन्छ ।

**० मित्रराष्ट्र भारतको राष्ट्रिय भाषालाई तपाईंले युनाइटेड नेशन्समा सूचीकृत गराउन खोज्नुभएको छ, भारतसँग कतिको सहकार्य भइरहेको छ ?**

– यसमा भारत सरकारको ठूलो जिम्मेवारी छ कि हिन्दीलाई बृहतरूपमा विस्तार गर्न प्रयास गर्नुपर्छ । तर, भारतको प्रयास त्यस किसिमको देखिदैन । हिन्दी भाषा भएर पनि हाम्रो पनि भाषा हो र विश्वमा धेरै मुलुकको भाषा पनि यही हो । यस्तो अवस्थामा हामी पनि प्रयास गर्छौं र भारतले पनि प्रयास गर्नुपर्छ । हामीले आफ्नो क्षमता र विद्वताको आधारमा प्रचार प्रसार गरिरहेका छौं । भारतले यसमा ठूलो भूमिका खेल्नुपर्ने आवश्यकता छ ।

**० तपाइँहरूले भारतको भाषालाई प्रवर्द्धन गर्दा कतै भारतबाट त परिचालित हुनुहुन्न ?**

– कुनै पनि काम गर्दा मानिसहरूको विभिन्न नकारात्मक सोच हुन्छन् । त्यसको मात्रै चिन्तन गरेर बस्ने भने आफ्नो इच्छा र भावनाअनुसार मान्छे केही पनि गर्न सक्दैन । तर, सत्य कुरा सत्य नै रहन्छ र त्यसले महत्व पाउँछ । त्यसैले हामीले हिन्दीको अन्तर्राष्ट्रिय गरेका छौं । धेरै मान्छेहरूले भन्छन् कि भारतीय दूतावासले सहयोग गरेको होला । तर, हामी कुनै पनि राजदूतावासबाट एक पैसा पनि लिएका छैनौं । हामी आफ्नै स्रोतबाट नेपाली पैसाले अन्तर्राष्ट्रिय हिन्दी सम्मेलन सम्पन्न गरेका छौं । प्रदेश २ का मुख्यमन्त्रीको हिन्दीप्रति लगाव भएकोले उहाँको ठूलो योगदानको आधारमा हामी अन्तर्राष्ट्रिय हिन्दी सम्मेलन गर्न सफल भएका हौं ।

**० अन्तर्राष्ट्रिय हिन्दी सम्मेलनमा प्रदेश २ का मुख्यमन्त्रीको योगदान के थियो त ?**

– बढीभन्दा बढी आर्थिक सहयोग प्रदेश २ का मुख्यमन्त्रीले गर्नुभएको छ । मुख्यमन्त्रीजीले क्याबिनेटबाट पास गराएर हामीलाई आर्थिक सहयोग गर्नुभएको छ ।

**० हिन्दीप्रेमी प्रदेश २ का मुख्यमन्त्रीले हिन्दीलाई आफ्नो प्रदेशमा मान्यता दिलाउन सक्नुहुन्छ ?**

– प्रदेश २ का मुख्यमन्त्रीले त्रिभाषा नीति नै पास गराइसक्नुभएको छ । नेपाली, मैथिली र हिन्दी भाषा रहेको छ । उहाँको संसदमा हिन्दी पनि बोल्न सक्ने अवस्था छ । भने यो भन्दा अरू ठूलो के हुनसक्छ ।

**० तपाइँहरू जसरी हिन्दीका लागि अभियान चलाइरहनुभएको छ, नेपालीलाई किन सहयोग नगर्ने त ?**

– हामी पनि नेपाली बोल्छौं, त्यसलाई स्वीकार गरेका छौं । हाम्रो जीवनको महत्वपूर्ण अंगको रूपमा नेपाली भाषा हामीसँग छ । तर, सम्पर्क भाषाको रूपमा परम्परादेखि नै हिन्दी भाषा नै चलिआएको छ । अन्तर्राष्ट्रियस्तरमा जाँदा हिन्दी सम्पर्क भाषा हुन सजिलो छ । तर, नेपाली भाषा अन्तर्राष्ट्रिय जगतमा सम्पर्क भाषा हुनसक्ने अवस्था छैन ।

**० पहिला नेपालमा हिन्दी भाषाका पाठ्यक्रम थियो, अहिले हटाइएको छ, किन ?**

– यो गर्न नपर्ने हो । हिन्दी भाषालाई पनि विद्यालयको पठनपाठनमा राख्नुपर्ने थियो । अहिले चिनियाँ भाषाको आवश्यकता नेपाली सरकारलाई किन पऱ्यो ? भनेपछि चिनियाँ भाषा नेपालमा ०.००२ प्रतिशतले पनि बोलिदै भने हिन्दीलाई फालेर त गर्नुभएन । हिन्दीलाई पनि स्कूल र कलेजहरूमा पाठ्यक्रममा ल्याउनुपर्छ । नेपालमा भाषालाई पनि राष्ट्रवादसँग जोड्न खोजिँदैछ । जो हिन्दी बोल्छ उ राष्ट्रवादी होइन भन्ने मानसिकता छ । के चिनियाँ भाषाले राष्ट्रवादी भइन्छ ? त्यसकारणले यो एउटा हिनता र संकीर्णताको भावना हो । त्यसैकारणले हिन्दीलाई अगाडि बढाउन खोजिएको हो ।

**० हिन्दी सम्मेलनको निष्कर्ष के रह्यो ?**

– विभिन्न किसिमका विद्वानहरूको हिन्दी भाषाको बारेमा विचार सुन्न पायौं । हामीले हिन्दी भाषाको बारेमा अझ पनि बुझ्ने र सम्झने मौका प्राप्त भयो । सबै विद्वानमा एउटा जोश र उमंग आएको छ कि हिन्दीका लागि लाग्नुपर्छ । त्यसकारणले एउटा उत्साह र उमंग हामीले देखेका छौं । साथै विदेशमा आएका व्यक्तिले पनि नेपालमा हिन्दीको महत्व छ र यसको विस्तार पनि आवश्यक बुझेका छन् । उहाँहरू पनि यसबाट प्रोत्साहित भएर जानुभएका छन् । विभिन्न देशहरूमा हिन्दीप्रेमीहरूको संगठनात्मक स्वरूप बन्नेछ । त्यसले गर्दा नेपाल मात्रै होइन, विश्वमै हिन्दीको विस्तार गर्न सजिलो हुन्छ । यो सम्मेलन गर्दा एउटा ठूलो शक्ति उत्पन्न भएको छ ।

*(मधेशवाणीका रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# उखु उत्पादनका उन्नत प्रविधि



डा.श्रीभगवान ठाकुर

**माटो तथा हावापानीः**
उखुको राम्रो उत्पादनको लागि साधारण तया पानीको निकास भएको मलिलो बलौटे दोमट माटो चाहिन्छ। उपयूक्त माटो पी.एच. ६.५ देखि ७.५ सम्म चाहिन्छ। पानी न जम्ने माटो, ठीक बर्षा हुने, समशीतोष्ण किसिको हावापानीमा राम्रो उत्पादन हुन्छ।

**नेपालमा पाईने उखुका जातहरूः-**
१. छिटो तयार हुने जातहरूः- जीतपुर १, जीतपुर २, बी.ओ १२८, बी.ओ. ९९, यू.पी १, को. १३३६, को. ६६१३, कोश ६११, बी.ओ १०, ३४, ४३, ४७, को. ५२७, ९९७,
२. मध्ये सिजनमा तयार हुने जातः- कस. ७६७, बी. ओ. ११०, कोसे. ९२४२३, कोसे ९२४३०, को. ११४८, को.११५८, को.७४०, को. ४१९, ४४९,४६७, ८५३, ९७५ आदि
३. मुख्य सिजनमा पाक्ने जातहरूः- बी.ओ. ८८, बी.ओ ९१, बी.ओ.११५८,को. ७९१८ र को.८३१५

**विशेष अवस्थामा लगाउने जातहरूः**
- पानी जम्ने जग्गाको लागीः- बी.ओ.९१, कोसे. ९२४२३, बी.ओ. ९९, १२८ र कल्क ८००२
- असिचित उच्चा जग्गाको लागीः- बी.ओ.८८, बी.ओ ९१, कस. ७६७, र यू.पी १
- सिचित जग्गाको लागीः- जीतपुर १, जीतपुर २, बी.ओ १२८, कोसे. ९२४२३, कोसे ९२४३०,
- जाडो मौसममा रोप्न सकिने जातः- बी.ओ ८८
- कम मलजल उपलब्ध हुने स्थितिमा लगाउने जातः- जीतपुर २, बी.ओ ९१,बी.ओ १२८।

**जग्गाको तयारी तथा मल खादः-**
उखु खेती बाट राम्रो आम्दानी लिनको लागी जग्गा गहिरोसंग जोताई गर्न आबश्यक हुन्छ। माटोको अबस्था तथा किसिम अनुसार ४।५ पटक खनजोत गर्नु बेश हुन्छ। जग्गा तयार गर्दा प्रत्येक पटकको जोताईमा लिड्का लगाई राम्ररी माटोको डल्ला फोर्नु जरूरी हुन्छ। यसरी तयार गरिएको जग्गामा धमिरा तथा गवारो कीराहरू बाट बचाउनको लागी ल्कोरोडेन वा एल्ड्रीनको धुलो प्रति कठा ७०० ग्रामको दरले माटोको उपचार गर्नु पर्दछ। यसको साथसाथै ४ केजी नाईट्रोजन यूक्त रसायनिक मल, २ के.जी फस्फोरस मल र १.५ के.जी पोटास मल प्रति कठा हाल्नु पर्दछ। यी मलहरू मध्ये नाईट्रोजन मल माघ फाल्गुण महिनामा रोपिएको उखु बालीमा आधा भाग जग्गाको तयारी गर्ने बेलामा र बांकी आधा भाग बैशाख जेष्ट महिनामा टपड्रेसिङ्ग गरि दिनु पर्दछ। त्यसै गरी अशोज कार्तिक महिनामा लगाईएको उखु बालीमा बांकी आधा भाग नाईट्रोजन मल माघ फाल्गुण तीर टपड्रेसिङ्ग गरी दिनु पर्दछ। यी रसायनिक मलको अलावा सम्भव भएमा प्रतिकठा ४०।५० टोकरी कम्पोष्ट मल हाल्दा उखुको उत्पादन राम्रो हुन्छ। तोरी प्रशस्त पाईने ठाउंमा तोरीको पिना ४०।५० के.जी प्रति कठा उखु रोपिने खाल्टोमा हाल्नाले उत्पादन बढाउनमा निकै हदसम्म शहयोग पुग्दछ।

**बीउ दरः-**
तीनवटा आंख्ला भएको १५०० टुक्रा अथवा मोटो जातको लागी २०० के.जी र मसिनो जातको लागी १८० के.जी प्रति कठा जती बीउको आबश्यक पर्दछ। बीउको लागि उखु छनौट गर्दा शूद्ध जातको खेतबाट, रोग किरा नलागेको, खुटीबाट नछानी मोरहनबाट, दह्रो बोटबाट, ९, १० महिनाको उमेरको उखुबाट छनौट गर्नु पर्दछ।

**बीउ उपचारः-**
उखुको बीउ रोप्नु भन्दा अगाडी ०.५ प्रतिशतको अगालल वा ०.२५ प्रतिशतको एरिटन् वा ०.१ प्रतिशत को बेनगार्ड घोलमा कम्तीमा पनि ५ मिनेट सम्म तीन आंख्ले बीउका टुक्राहरूलाई डुबाई राख्नु पर्दछ।

**उखु रोप्ने समयः-**
**शरद कालिनः** अशोज-कार्तिकमा लगाइन्छ। यो सीजनमा उखु १५, २० %बढी उत्पादन भने ०.५ %बढी चिनी उत्पादन हुन्छ। यो सीजनमा लगाउँदा आलु, धनिया, तोरी पनि अन्तरबालीको



रूपमा लगाईन्छ।
**बसन्त कालिनः** माघ- फाल्गुणमा लगाईन्छ। यो सीजनको उखु ८० % जति कृषकले लयाउने गर्दछ। यो सीजनमा लगाउँदा मुंग, भिन्डी, खुर्सानी, लौका फर्सी पनि अन्तरबालीको रूपमा लगाईन्छ।

**उखु रोप्ने तरिकाः-**
(क) समथर भागमा रोप्ने तरिकाः-
यस बिधिमा तयार गरिएको समथर जमिन माथी उखुका बीउ (टुक्रा) लाइनमा राखिन्छ अनि पछि माटोले पुरिने काम गरिन्छ। यस बिधिमा एक लाइन देखि अर्को लाईनको दुरी करिव ३ फिट हुनु जरूरी हुन्छ।
(ख) नालीमा रोप्ने तरिकाः-
यो तरिकामा ट्रेक्टर वा हलो वा कोदालोले ६ ईन्च जति गहिरो नाली बनाउंदै जाने र तीन आंख्ले उखुका बीउलाई रोप्दै जाने र पुर्दै पनि जानु पर्दछ। अर्को तरिकामा उखु रोप्नु भन्दा करिव १०।१५ दिन अगावै १ फिट गहिरो नालीहरू तयार गरी कम्पोष्ठ, गोबर मल छरिन्छ। त्यसपछि बीउ रोप्ने समयमा रसायनिक मल नालीमानै प्रयोग गरी पहिले प्रयोग गरिएको मल संगसंगै माटो पनि मिलाई सकेपछि मात्र उखुको बीउ रोप्ने काम गरिन्छ।

**उखु रोप्ने दुरीः-**
एक लाइन देखि अर्को लाईनको दुरी ३ फिट हुनु पर्दछ भने बीउ बाट बीउको दुरी एक बीउ बाट अर्को बीउ जोडेर रोप्नु पर्दछ।

**सिचाई तथा निकासको व्यबस्थापनः-**
उखु रोपेको करिव २ महिना भित्र पहिलो पटकको सिचाई र त्यसपछि २०।२५ दिनको फरक पर्ने गरी सिचाई दिई रहनु पर्दछ। यदि बर्षा शुरू भएको छ र पानी परी रहेको छ भने उखु लगाईएको जग्गामा पानी जम्न नदिईकन पानी निकासको व्यबस्था गरी हाल्नु पर्दछ।

**झारपात नियन्त्रणः-**
उखु रोपेको १५।२० दिन पछि कोदालोको शहायताले उखुको दुई लाईनको बीचमा सावधानी पूर्वक हल्का तवरले गोडमेल गरी दिएको खण्डमा माटो हल्का हुन गै उखु राम्ररी उम्रन मद्धत गर्दछ। झारपात नियन्त्रणको लागी रसायनिक औषधी प्रयोग गर्नु परेको खण्डमा उखु रोपेको २।३ दिन मा टाफाजीन ५० डब्लु पी अथवा अट्राफक ५० डब्लु पी अथवा डाययूरोन ५० ग्राम २५० लिटर पानीको दरमा घोल बनाई स्प्रे गर्नाले उखुबालीमा आउने प्राय सबै किसिमका झारहरू लाई नियन्त्रण गर्दछ।

**उखुबालीमा लाग्न सक्ने कीरा तथा रोगहरूः-**
कीराहरूमा मोथ, गवारो, स्केल, धमिरा, मेली बग आदि र रोगहरूमा रेड रट्, स्मट, रस्ट आदि यी समश्याहरूको लागी रोग निरोधक बीउको छनौट गर्ने रोप्नु भन्दा अगाडी बीउको उपचार गर्ने र कीराको लागी समय समयमा थायोडन वा डेसिस १ यम.यल प्रति लिटर पानीको दरमा घोल बनाई स्प्रे गर्नु पर्दछ।

**उखुबालीमा माटो चढाउने र बांध्ने कामः-**
उखुको बोट २।३ फिट अग्लो भएपछि कोदालोले प्रत्येक बोटमा माटो चढाई दिनु पर्दछ। यस्ले बर्षा मौसममा उखुको बोट ढल्न बाट बचाउंछ। श्रावण महिनाको अन्तमा उखुका बोटहरू लाई उखुकै सुकेका पातहरूको चेन बनाएर एकै लाईन भित्रका गच्छाहरू लाई एक अर्को सित बाध्नु पर्दछ। तर उखुको बोट निकै अग्लो भै सकेको भएमा त्रिभुजाकार बिधिले एक लाईनको एक गुच्छालाई एक साथ मिलाएर बाध्नु उपयूक्त हुन्छ। यस्ले बर्षा मौसममा चल्ने हावाको कारण बाट ढल्न रोक लगाउंछ।

**उखु काट्ने समयः-** हिउदे बाली फाल्गुणमा र बसन्ते चैत्र महिनामा काट्न उपयूक्त हुन्छ।

**उत्पादनः-**
माथी उल्लेखित तरिका बाट उखुखेती गरेको खण्डमा एक कठा जग्गाबाट ३० देखि ४० क्वी. सम्म उत्पादन लिन सकिन्छ भने चिनीको मात्रा पनि कमसेकम १४।१५ प्रतिशत हुन सक्दछ।

***उखु उत्पादक र चनी मिल विच हुने झंझट वादविवाद सुल्झाउन केही उपायहरू :***
- उँखु उत्पादक कृषक समुह पालिकाका वडा र गाउं गाउंमा गठन।
- प्राविधिकको सहजीकरणमा उखु जातको छनौट तथा खेती प्रविधिको वारे तालिम।
- समुहद्धारा छिटो, मुख्य सिजन तथा ढिलो जात का उखु रोप्ने तालमेल आंफै मिलाउने।
- क्षेत्रफल तथा उखु जातको तथ्यांक कृषक समुह आंफैले मिलमा जानकारी गराउने।
- नेपाल सरकारले अथवा चिनी मिलले उँखुको रकमवाट पछि काट्ने गरी विउ, मल, सिचाइ, विषादिको व्यवस्था न्युनतम व्याजमा समुहको आवश्यक मांगको आधारमा दिने।
- कृषक समुह द्धारा चिनी मिल संग उँखु कटानी भन्दा अगाडी कति टन उँखु कहिले आपुर्ति र भूक्तानी गराउने कुराको सम्झौता गर्ने।
- पहिलो किस्ता रोप्ने बेलामा १५ देखि २० प्रतिशत, उखु आपूर्ति भए पश्चात तुरन्तै ५० प्रतिशत र बाँकी आपूर्तिको ३० देखि ४५ दिन मा व्यवस्था मिलाउने।
- कृषकहरूको उखुको सप्लाई गरेको रेकर्ड समुहले राख्ने तथा सो तौल बराबरको रकम भुक्तानीको लागी समूहको बैंक खाता वा कृषकको बैंक खातामा कहिले पठाउने सो को एउटा पत्र पठाई वा एस एम एस द्धारा जानकारी गराई खातामा समय समयमा रकम पठाईदिने गर्नु पर्दछ।
- यस तरीकाले गर्दा चलान लिन, स-साना ढुवानी साधनको भीड नलाग्ने, रकम लिन सम्पूर्ण कृषक जानु नपर्ने, थोरै स्टाफमा काम हुने, रकम चोरीको संभावना नहुने, निरन्तर उखु उत्पादक तथा चिनी मिल मालिक बीच गरमा गरम नहुने जस्ता फाइदा हुन्छ।

***निष्कर्ष :***
तराईमधेशको भूभागलाई प्रकृतिको वरदानको रूपमा भएकोले यसवाट अरू देशको तुलनामा उंखु खेतीको सँभावनाका साथै नागरीकको जीविकोपार्जनमा प्रत्यक्ष भूमिका खेल्ने भएकोले, उखुलाई अति नै उत्पादन योग्य बनाउन तथा जलवायु परिवर्तनको प्रभावले जग्गा खाली हुन नदिन तथा आपूर्ति र भूक्तानीको समस्या रहित बनाउन नगदे वालीमा नेपाल सरकार (तहगत सरकार), चिनी उद्योगपति र कृषक समेत एकदमै जोड दिन हामी सवैले तुरून्तै पहल गर्नु पर्ने देखिन्छ। अन्यथा कपास, कार्पेट,वनस्पति, गार्मेन्ट, चुरोट, कागत, आदि जस्तै चिनी मिल पनि वन्द हुन वेर न लाग्ला साथ साथै हाम्रो परनिर्भरता समेत वढ्ने देखिन्छ र राष्ट्रको सुखी नेपाली, समृद्ध नेपालको नारा प्राप्ती नहोला।

*"उखुंबाली, सबैको साथी"*
*(डा.ठाकुर कृषि विज्ञ हुन्।)*

## मधेश अपडेट

### जलवायु परिवर्तन रोकिंदैन : मुख्यमन्त्री

जनकपुरधाम। मुख्यमन्त्री लालबाबु राउतले सभा गोष्ठी गरेर जलवायु परिवर्तन रोकिन नसक्ने बताएका छन्। निति अनुसन्धान प्रतिष्ठान , परराष्ट्र मन्त्रालय , परराष्ट्र मामिला अध्यन प्रतिष्ठानद्वारा संयुक्त रूपमा आयोजित जलवायु परिवर्तन , पर्वतीय वातावरण र मानव जातिको भविष्य विषयक सगरमाथा सम्बाद कार्यक्रमलाई सम्बोधन गर्दै राउतले सो कुरा बताएका हुन्। जलवायु परिवर्तनलाई रोक्न फिल्डमै काम गर्नुपर्ने बताउदैं मुख्यमन्त्री राउतले आफ्नो समस्या पहिल्याउनुको साटो विदेशीको समस्यालाई सभा गोष्ठीमा केलाउने प्रवृति अन्त गर्नुपर्ने बताए। चुरेको दोहन र वन विनासले नेपालमा प्राकृतिक विपद् निम्त्याएको उल्लेख गर्दै उनले चुरे दोहन र वन विनास रोक्नुको साटो जलवायु परिवर्तन रोक्न सभा सम्मेलनमा समय खर्चिनु दुभार्ग्यपूर्ण रहेको उल्लेख गरे। उनले भने,' दिन दहाडै बालुवा क्रसर उद्योगले चुरे दोहन गर्दैछन्, दिनहुँ वन विनास हुँदैछ, रोक्ने प्रयास गर्नेहरूको दिन दहाडै हत्या हुँदैछ हामी मुकदर्शक भएका छौ। प्रहरी हाम्रो मातहतमा छैनन् , संघीय सरकार मातहतको प्रहरी प्रशासनले रोक्न सकेको छैन यो भन्दा ठुलो दुर्भाग्यको कुरा अरू के होला।' तल देखी माथिसम्मको सेटिङ्गमा जलवायु परिवर्तनको दुष्प्रभाव निम्त्याउने खेल भईरहेको आरोप समेत उनले लगाए। विकासको नाममा चुरे र वनजंगल विनास गर्ने काम भइरहेको तर्फ सचेत गराउँदै मुख्यमन्त्री राउतले भने ' अहिले विभिन्न नेताहरूको चुरे विनास गरेर धमाधम सडकहरू निर्माण हुँदै छन्। त्यसको दुष्प्रभाव तराई मधेशमाथि पर्ने निश्चित छ।

### बुद्धभूमिको छैठौ सभा सम्पन्न

मणि प्रसाद गैह्रे, कपिलवस्तु। बुद्धभूमि नगरपालिकाले आइतबार छैठौं नगर सभा गरेको छ। गोरूसिंगेमा सम्पन्न भएको नगर सभामा बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन २०७६ सर्वसम्मत ढंगले पारित भएको छ। विधेयक समितिका संयोजक पवन कुमार थारूले उक्त ऐन पेश गरेका थिए। संविधानले माध्यमिक शिक्षा सञ्चालन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ। सोही कानुनी अधिकारलाई टेकेर नगरपालिकाले शिक्षा ऐन बनाएको हो। केन्द्रिय शिक्षा ऐन र नेपालको संविधानसंग नबाझिने गरी नयाँ शिक्षा ऐन बनाएर पारित गरेको नगर प्रमुख केशव कुमार श्रेष्ठले जानकारी दिए। प्रस्तुत ऐनमाथि विभिन्न वडाध्यक्षले आ-आफ्नो धारणा राखेका थिए। वडा नं. ३ का वडाध्यक्ष गोविन्द्र आचार्य, वडा नं. ९ का वडाध्यक्ष खिमानन्द न्यौपानले शिक्षा ऐन केन्द्रिय कानुनसंग बाझिन नहुने धारणा राखेका थिए। यो अवसरमा नगर प्रमुख श्रेष्ठले सविधान संग बाझिएमा सवै एन तथा कार्यविधि स्वतह खारेज हुने कुरा उल्लेख गरेको हुंदा कुनै समस्या नरहेको बताए।

### सडक जीर्ण

धनगढी। धनगढी उपमहानगरपालिकाले सडकको मर्मतमा चासो नगर्दा भित्री सडकहरू जीर्ण बन्दै गएको छ। क्याम्पस रोडदेखि शहीदगेट, ब्याम्पस, चोकदेखि कैलाली बहुमुखी क्याम्पस, धनगढी गाउँदेखि घुइँयाघाट, पुरानो सब्जीमन्डीलगायतका रोडको अवस्था दयनीय बनेको छ। यसैगरी धनगढी बजारस्थित मुख्य रोड पनि जिल्ला प्रशासन कार्यालयदेखि पूर्वक्याम्पस चोकसम्म विभिन्न ठाउँमा भत्किएको छ। उपमहानगरभित्रका सडक जीर्ण बनेपछि आवतजावतमा कठिनाइ भएको छ। मुख्य रोडमा सवारी साधनको चाप घटाउनका लागि विकल्पका रूपमा रहेको क्याम्पस रोडदेखि शहिदगेटसम्मका रोड झनै बिग्रेको छ।

### "लोकतान्त्रिक शासनमा जनता बलियो हुन्छ"

भैरहवा। नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक तथा पार्टीका केन्द्रीय सदस्य बालकृष्ण खाँणले अहिले नेपाली काँग्रेस केही कमजोर भएका कारण मुलुकको लोकतान्त्रिक मूल्य मान्यता र पद्धति नै कमजोर भए मुलुकको राष्ट्रियतामाथि समेत गम्भीर आघात पुग्ने बताए। नेपाली काँग्रेस नगर समिति सिद्धार्थ नगरले भैरहवामा आयोजना गरेको विपन्नलाई कम्बल वितरण कार्यक्रमलाई सम्बोधन गर्दै खाँणले यस्तो बताएका हुन्। "लोकतान्त्रिक शासनमा जनता बलियो हुन्छ, जनता बलियो भए काँग्रेस बलियो हुन्छ भने काँग्रेस बलियो भए जनता पनि बलियो हुन्छ", उहाँले भने। उनले कांग्रेस बलियो भए मुलुकको लोकतान्त्रिक मूल्य र मान्यता अझ बलियो हुने दाबी गरे।

### विचार गोष्ठी तथा शुभकामना आदान-प्रदान

वीरगन्ज। पाँचौ राष्ट्रिय योग दिवश तथा माघे संक्रान्तीको अवसरमा बिचार गोष्ठी तथा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ। ब्रह्मकुमारी राजयोग सेवा केन्द्र वीरगंजको आयोजनामा बिर्ता स्थित ओमशान्ती भवनमा ब्रह्मकुमारी रबिना दिदिको अध्यक्षतामा र नेत्र ज्योति महासंघका वरिष्ठ उपाध्यक्ष श्याम पोखरेलको प्रमुख आतिथ्यमा पानसमा दिप प्रज्जोलित गरि कार्यक्रमको उद्घाटन भएको थियो। शुभकामना कार्यक्रममा स्त्रीरोग विशेषज्ञ डा. सन्युक्त साह, पिडामिड कलेज वीरगंजका डाइरेक्टर बिजय यादव , वीरगंज महानगर पालिका वडा न.१४ का वडा सदस्य गायत्री पटेल, ब्रह्मकुमार छोटेलाल , ब्रह्मकुमार जितेन्द्र , ब्रह्मकुमारी रमा लगायत सयौ संख्यामा राजयोगिनी साधक एवं साधिकाहरू को उपस्थिति रहेको थियो। त्यसैगरी ब्रह्मकुमार गोकुलले कार्यक्रमको बिषय वस्तुबारे प्रकाश पारेका थिए। स्वागत मन्तव्य ब्रह्मकुमारी गोपिनीले र कार्यक्रम सन्चालन ब्रह्कुमार गोबर्धन चौधरीले गरेका थिए। भएको थियो।

### प्रदेशसभा अनिश्चितकालका लागि स्थगित

जनकपुरधाम। प्रदेश २ को प्रदेशसभा बैठक अनिश्चितकालका लागि स्थगित भएको छ। पुस २४ गतेलाई बोलाइएको बैठक पनि बस्दै नबसी स्थगित भएको थियो भने आज दिउँसो १ बजे बस्ने भनिएको बैठक पनि बस्दै नबसी स्थगित भएको छ। अब अर्को सूचना जारी नभएसम्मका लागि बैठक स्थगित गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ। प्रदेश २ को बैठक लामो समयदेखि बस्न सकेको छैन। यसले गर्दा प्रदेशको नामकरण र स्थायी राजधानीको विषयमा छलफल अगाडि बढ्न सकेको छैन। गत आर्थिक वर्षका योजनाहरूको बाँकी भुक्तानी नपाएसम्म प्रदेशसभा बैठक बस्ने नदिने अडान सांसदहरूको छ। प्रदेशसभाको बैठक अन्यौल भएसँगै संसदमा दर्ता गरिएका विधेयक उपरको छलफल समेत सुरू हुन सकेको छैन।

### क्याम्पसमा ताला

कपिलवस्तु। कपिलवस्तुको महराजगंज नगरपालिका वडा नं. १ मा रहेको फलहरीबाबा बहुमुखी क्याम्पसमा ३ दिन देखि ताला लगेको छ। क्यम्पसले सदस्यता खुल्ला गरेको अन्तिम दिनमा समय सिमा भन्दा पछि आएको व्यक्तिहरूले ताला लगाएको व्यावस्थापन समितिका अध्यक्ष निजामुद्धिन खाँले बताएका छन्। उनका अनुसार महराजगंज नगरपालिकाका केहि वडा अध्यक्ष तथा मेयरका नजिकका मन्छेहरूले ताला लगाएका छन्। खाँ भन्छन हामी २० दिनको लागि सदस्यता खुल्ला गरेका थियौ। तर अन्तिम दिन पुस २७ गते मत्रै धेरै भिड भयो। भिड ३ बजे पछि आएको थियो। महाराजगंज नगरपालिका वडाअध्यक्षहरू जगदिश प्रसाद तिवारी, शिव प्रसाद बनिया, नैन दास मुराउ, स्थानिय अगुवा समाजसेवी गंगेश नाथ तिवारी लगायतले विवाद गराएको खाँले बताएका छन्।

### माघ मिलन समारोह

नेपालगन्ज। थारू समुदायले नयाँ वर्षको रूपमा मनाउँदै आएको माघे संक्रान्ति पर्व यस वर्ष पनि नेपालगन्जमा भव्य रूपमा मनाएको छ। माघ मिलन कार्यक्रममा राष्ट्रिय तथा स्थानिय थारू कलाकारहरूको बेजोड प्रस्तुति भएको छ। थारू समुदायको महान पर्व माघे संक्रान्ति ( नयाँ बर्ष माघ) को अवसरमा नेपालगञ्जमा 'माघ मिलन' कार्यक्रम भव्य रूपमा मनाइएको हो। करिब १ दर्जन थारू समुदायका हक हित र अधिकारका क्षेत्रमा काम गर्ने थारू संघ-संस्थाको सयुक्त आयोजनामा 'माघ मिलन' कार्यक्रमको आयोजना गरिएको हो।

### कृष्णनगरमा पनि मनाइयो पृथ्वी जयन्ती

कपिलवस्तु। कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकाको कृष्णनगर बजारको मुटु भनेर चिनिने गोलघरमा एक कार्यक्रमका बीच नेपालको एकीकरणकर्ता पृथ्वीनारायण शाहको जन्मजयन्ती मनाइएको छ। सो अवसरमा पृथ्वीजयन्ती तथा एकता दिवस कार्यक्रम आयोजना गरी मनाइएको छ। आयोजक राष्ट्रिय एकता समारोह समिति परिवार कृष्णनगर समितिका अध्यक्ष पुष्पा रजौरियाको अगुवाईमा मनाइएको छ।





बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं।
मटिहानी नगरपालिका
महोत्तरी

मलहम

– डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# रहे पेट सफा, हुन्छ सब रोग दफा

मधेशको अव्यवस्थित र असन्तुलित खानपनि संस्कृत निश्चित रूपमा कब्जियतको प्रमुख कारण हो। साथै वातावरणीय प्रदुषण लगायत अन्य विविध सहायक कारणहरू पनि रहेका छन्। कब्जियत आफैमा कुनै रोग होइन फेरी पनि बब्जियत पेट सम्बन्धी अधिकांश रोगहरूको जननी मानिन्छ। ग्यास्ट्रायटिसलाई त नेपालमा राष्ट्रिय रोग नै मानिन्छ।

आम मधेशीहरूको मूल खाना सेतो अरूवा र उसिना चामलको भात हो, रोटी खाने चलन घट्दो छ। दैनिक खाइने खानामा भात सँग तारे भुटेको पिरो युक्त नुनिलो शब्जी बढी मात्रामा खाने संस्कृति छ। अझ स्वादिलो खान रूचाउनेहरू भने अत्याधिक मसला राखेर जिभ्रो पड्काई पडकाई खाने चलन व्याप्त छ। मधेशमा माछा मासु खाने पनि चल्न पनि बढ्दो छ। तर कहिलेकाहीं मात्र खानामा दाल खाने गरेको चलन पाइन्छ। अज्ञानताकै कै कारण भन्नुपर्छ, के खाँइदे छ भन्दा पनि स्वादि र रसिलो खानाले पेट भर्ने उदेश्य बहुसंख्यमा रहेको पाइन्छ। मधेशमा पकौडी, कचौडी, समोसा, लिट्टी, डुङ्री पापड् आदि मैदा र बेसनबाट बनेको परिकार सर्वसुलभ रूपमा पाइन्छ जुन कब्जियतको स्थानीय कारण देखिन्छ। विभिन्न ब्राण्डको तेल र मसला यति बिषालु र विजातीय पदार्थ मिश्रित छ कि त्यो शरीरमा पुगेर मन्द बिष कै रूपमा असर गर्दछ। दुध र पानीको गुणस्तरको हालत पनि उही छ।

मधेशमा जीवनशैली यति अस्तव्यस्ते देखिन्छ, कि त्यहाँ एक थरी मान्छेको जीवनशैली यति व्यस्त बन्दै गएको छ कि उसँग अब दिशा बस्ने समय नै छैन। बाध्यताले मात्र दिशा बस्न जान्छ ऊ। धेरै समय त उ दिश बस्नै बिर्सन्छ। दिशा नबसे पनि हुन्छ जस्तो बानीको निमार्ण हुन थालेको देखिन्छ। अर्को थरी मान्छेको जीवन यति बेहोसीपुर्ण छ कि राती २ वा ३ बजे तीर उ सुत्छ र विहानको ९ वा १० बजे तीर उठ्छ, हतार हतार दिशा गरेर भ्याउँछ। अनि तेस्रो थरी मान्छे पनि छ, जसलाई दिशा निकालनलाई शौचालय जानु अगाडि खैनी, केहीले चुरोट, केहीले गुट्खा, केहीले चिया र केहीले औषधी खाएको पाइन्छ, त्यसपछी मात्र उसलाई दिशाजाने वेग आउँने गर्दछ।

**कब्जीयतको लक्षण**

१. दैनिक दिशा नहुनु वा भएपनि लामो समय दिशा बस्नुपर्ने र बल लगाउनु पर्ने हुन्छ।
२. कहिलेकाँही गुच्चा जस्तो कडा दिशा हुने र कहिले काँही पानी जस्तो पात्लो दिशा हुन्छ वा दुवै कडा वा पात्लो दिशा सँगै हुनेहुन्छ।
३. धेरै दिन सम्म दिशा नलाग्नु र पेट फुल्नु, मुखमा अमिलो पानी आउनु, मुख र गुदद्वारमा दुर्गन्धित वायु चल्नु, रिँगटा लाग्नु, भोक नलाग्नु आदि हुन्छ।

**रोकथाम**

१. आफ्नो कामको प्रकृति हेरी थोरै थौरै पानी दिनभरी नै पिउने बानी पार्नु पर्छ।
२. कचौडी, पकौडी, सकोसा, लिट्टी, चाउचाउ, बिस्कुटजस्ता तयारी खाना र बोतल बन्द ठन्डा एवं खाध्य पदार्थको सट्टा घरमा बनेको चोक्करयुत्त गहुँको सुख्खा रोटी वा मुरही-चना-भटमास जस्तो सस्तो र पोषिलो खानकीको साथै मही, महपानी वा सर्बत खाने बानी गर्नु पर्दछ।
३. आराम र श्रम नियमित र सन्तुलित रूपमा गर्नु पर्दछ। निश्चित समयको कामपछी वा खाना पछी निश्चित समयको आराम गर्ने बानी गर्नु पर्दछ। खाना सँगै पानी पिउने बानी गर्नुहुन्न।
४. दिशा लाग्ने वित्तिकै सबै काम छोडेर दिशा गर्न जानु दिशा रोकेर राख्नु हुँदैन।
५. कम्मरमा कस्सिएको कपडा बाँध्नु हुँदैन।
६. सागपात, हरियो साग शब्जी, सलाद, फलफूल प्रशस्त खानु पर्दछ।
७. लामो समयसम्म भोकै बस्नु हुन्न वा पेट टमटम हुनेगरी खाना खानुहुन्न।
८. तारेको, फ्राई गरेको, मसालेदार खाना र माछा, मासु, अण्डा आदि मांसाहारले कब्जीयत ल्याउँछ। अत: त्यस्तो भोजन छोड्नु पर्दछ।
९. मौसमी फलफूल एवं शब्जी बोक्रा र रेसा सहित खान बानी गर्नुपर्छ। रेसा, बोक्रा, चोकर आदि भोजनमा रहनाले कब्ज हुँदैन।
१०. भोजनपछी केही समय घुमफीर गरेर मात्र सुत्नुपर्छ। भोजन गरेको २-३ घण्टा पछी मात्र सुत्ने बानीले कब्जीयत हटाउँछ।
११. मनमा धेरै चिन्ता एवं पीडा लिए अथवा ज्यादा नकरात्मक सोच्नाले, धेरै कोध गर्नाले, झगडालु स्वभावले मन असन्तुलित हुन्छ र कब्ज हुने सम्भावना बढ्छ। यस्तो स्वभाव भएकाले नियमित योगका अभ्यास गर्दा कब्जीयबाट मुक्ति मिल्छ।
१२. बोक्रा निकालिएको चिल्लो दालको सट्टा अङ्कुरित दाल खाने बानी गर्नुपर्छ।
१३. सेतो चामलको सट्टा ढिकीमा कुटेको दाल, चामल र मैदाको बदालामा चोकरयुत्त आँटा, चिनीको बदलामा गुड खाने बानी गर्नु पर्छ।

**घरेलु तथा सरल उपचार**

१. सानो हर्रो (जङ्गी हर्रो) घिउमा भुट्नुपर्दछ। भुटेपछि पिसेर धूलो बनाएर राख्नुपर्दछ। यो धूलो १ चिया चम्चा सुत्ने बेलामा खाएर मनतातो पानी पिउनु कब्ज निवारक हुन्छ।
२. इसब गोलको भुसी १ चिया चम्चा बिहान साँझ पानी, दूध या अरू झोल कुरामा घोलेर पिउनु कब्ज निवारक हुन्छ।
३. राजवृक्षको गुदी ५ ग्राम र मुनक्का २० ग्राम मिलाएर चटनीजस्तो पिसी बिहान-साझँ खानाले पनि पेट सफा हुन्छ।
४. एक भाग हेर्रो, दुई भाग बर्रो, चार भाग अमला मिलाएर चूर्ण बनाउने र एक -एक चिया चम्चा बिहान -साँझ मनतातो पानीसँग खानु कब्ज निवारक हुन्छ।
५. गुलाफको फूलचुर्ण १० ग्राम, मुनक्का १० ग्राम, सौफ ५ ग्राम चटनीजस्तो पिसेर बिहान खाली पेटमा खाएर पानी पिउनु कब्ज निवारक हुन्छ।
६. घिउ कुमारीको पातको गुदी १० या २० ग्राम बिहान खाली पेटमा खाँदा कब्पीयत हुन्न।
७. २०० ग्राम पाकेको मेवा दैनिक खानाले कब्जबाट मुक्ति मिल्छ।
८.सानो हर्रो, सौँफ र मिश्री बराबर तौल लिएर पिसेर चूर्ण बनाई मिलाउने र यो मिश्रित चूर्ण आवश्यकताअनुसार १ या २ चम्चा सुत्ने बेलामा खाएर पानी पिउँदा कब्ज निवारक हुन्छ।
९. सुकाएको अमलालाई पिसेर बनाएको चूर्ण १-१ चिया चम्चा बिहान -साँझ खाना पछि खानु लाभदायक हुन्छ।

कब्जबाट बच्न विहान सबेरै उठ्ने बानी गर्नु अनिवार्य छ। उठ्ने वित्तिकै ५०० देखि १००० मि.लि. सादा मनतातो पानी नबिराई पिउने बानी बसाल्नु पर्छ। साँझ र विहान दिनको दुई पटक दिसा बस्नु पर्छ नै। एक पटक दिसा बस्न जाँदा बढीमा ५ देखि ७ मिनेट भन्दा लामो समय दिशा बस्नु हुँदैन। दिसा बस्दा बल गरेर दिसा निकालन खोज्नु एनोरेक्टल रोग निमत्याउनु हो। दिसा कडा आउने व्यक्तिले दिसा नरम बनाउने उपायहरू चिकित्सकसँग सल्लाह लिनु पर्छ। अत: रहे पेट सफा, हुन्छ सब रोग दफा।

# भारतीय चालक र प्राविधिकसहित नेपाली रेल चल्ने

काठमाडौं। जनकपुरदेखि भारतको जयनगरसम्म रेल फागुनको पहिलो सातासम्ममा सुरू हुने भएको छ। रेल विभागका अधिकारीहरूका अनुसार त्यसका लागि पहिलो रेल माघको दोस्रो सातासम्म आइपुग्ने र ३० देखि ३५ जना भारतीय प्राविधिक नियुक्त गर्ने कार्य योजना अघि बढाइएको छ। रेलचालक, सह चालकदेखि अधिकांश प्राविधिकहरूमा भारतीय कर्मचारी रहने र व्यवस्थापकीय कर्मचारी भने नेपाली नै रहने रेल विभागको भनाइ छ। रेल सञ्चालनमा नेपालको अनुभव कम रहेको र पछिल्ला वर्षहरूमा प्रविधि पनि परिष्कृत भएको हुँदा केही समयका लागि भारतीय प्राविधिक तथा चालक राखिने विभागका महानिर्देशक बलराम मिश्रले जानकारी दिए।

करिब ३४ किलोमिटर लामो रेलमार्ग सञ्चालन गर्न नेपालले भारतीय कम्पनी कोनकन रेल्वेज कर्पोरेसनसँग दुई वटा रेल खरिद गर्दैछ। झन्डै ८५ करोड रूपैयाँमा ती रेल खरिद गर्न लागिएको हो। सम्झौता अनुरूप पहिलो रेल आगामी दुई हप्तामा आउने र त्यसको करिब दुई महिनामा अर्को रेल आउने मिश्रले जानकारी दिए।

कोनकनले रेल सञ्चालनका लागि करिब १०० जना भारतीय कर्मचारीको आवश्यकता देखाउँदै प्रस्ताव अघि बढाए पनि विभागले भने ३० देखि ३५ जना भारतीय लिने गरी तयारी गरिरहेको बताएको छ। उनीहरूले नेपाली कर्मचारीहरूलाई क्रमिक रूपमा काम सिकाउँदै जाने बताइएको छ। त्यसपछि आवश्यकता अनुसार चाहिने कर्मचारी राख्ने र अन्यलाई हटाउने विभागको योजना छ। नेपालसँग कोइलाबाट चल्ने 'न्यारोगेज' रेल मात्रै चलाएको अनुभव छ र अहिले चलाउन लागिएको 'ब्रोडगेज' रेलबारे नेपालसँग अनुभव छैन। गत डिसेम्बरदेखि नै रेल सञ्चालनमा ल्याउने गरी तयारी गरिए पनि मनसुनका कारण बाढीले झन्डै डेढ सय मिटर लिक बगाएको कारण सञ्चालन मिति धकेलिएको थियो।

## विस्तार गर्ने समझदारी

काठमाडौं। बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम तथा ग्यास पाइपलाइन विस्तार गर्ने सम्बन्धमा नेपाल-भारत पेट्रोलियम तथा ग्यास जोइन्ट वर्किङ्ग ग्रुपबीच समझदारी भएको छ। यसका विस्तृत प्राविधिक प्रतिवेदन तयार गरी संयन्त्रमा प्रतिवेदन पेश गर्न संयुक्त अध्ययन टोली गठन गरिने भएको छ। अमलेखगञ्ज डिपोको बाँकी स्तरोन्नतीको कार्य छिट्टै सम्पन्न गर्ने, झापा र धनुषामा बन्ने निगमको बोटलिङ प्लाण्टमा भारतीय आयल निगमले प्राविधिक सहयोग उपलब्ध गराउनेलगायतका विषयमा पनि दुई पक्षबीच समझदारी बनेको छ। यता लखनऊबाट हवाई इन्धन ल्याउने विषयमा नेपाल पक्षले राखेको प्रस्ताव पुनरावलोकन हुनपर्ने विषयमा भारतीय पक्षले जोड दिएको छ।

## सहयोग माग

काठमाडौं। एक अपहरित युवतीको उद्धारका लागि भारतले नेपाललाई अनुरोध गरेको छ। भारत सरकारले औपचारिक पत्र नै पठाएर नेपाल सरकारलाई अनुरोध गरेको हो। नेपालस्थित भारतीय राजदूतावास मार्फत कन्सुलर विभागलाई पत्र लेख्दै भारतले अपहरित भनिएकी प्रतिभा सिंहलाई नेपालबाट तेस्रो देश उड्नबाट रोक्न आग्रह गरेको हो। पत्रमा भारतीय राहदानीबाहक प्रतिभा सिंहलाई जर्मन राहदानीबाहक जर्नादन अडुगोडी भित्तलले अपहरण गरेको उल्लेख छ। पत्रमा जर्नादनले प्रतिभालाई नेपाल भएर तेस्रो देश भगाउने सम्भावना रहेकाले उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रोकिदिन आग्रह गरिएको छ। दूतावासले कन्सुलर विभागसहित गृहसचिव प्रेमकुमार राई र अध्यागमन विभागका महानिर्देशक ईश्वरराज पौडेल समेतलाई बोधार्थ गरेको पत्रमा यो विषयलाई उच्च प्राथमिकतामा राखेर कारबाही अघि बढाउन पनि भनिएको छ।

## विस्ताराको उडान माघ २७ बाट

काठमाडौं। भारतीय निजी वायुसेवा कम्पनी विस्ताराले माघ २८ गतेदेखि दिल्ली-काठमाडौं उडान शुरू गर्ने भएको छ। कम्पनीले नेपाल उडानको तालिका सार्वजनिक गर्दै दिल्ली-काठमाडौं रूटका लागि बुकिङ खुला गरेको छ। कम्पनीले दिल्ली-काठमाडौं-दिल्लीमा दैनिक एक उडान गर्ने गरी तालिका सार्वजनिक गरेको हो। सिंगापुर एयरलाइन्स र टाटा समूहको संयुक्त लगानीमा स्थापना भएको कम्पनीका लागि काठमाडौं चौथो अन्तर्राष्ट्रिय गन्तब्य हो।

## वृद्धको मृत्यु

मोरङ। बुढीगंगा गाउँपालिका-७ डंग्राहास्थित सडकमा बुधबार साँझ को.१३ प ४६९३ नम्बरको मोटरसाइकलको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ। पैदलयात्री सोही ठाउँ बस्ने ७० वर्षीय छेतधर्नु खाँ थारूको बिराट मेडिकल अस्पताल टंकीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## बस दुर्घटनामा मृत्यु

कपिलवस्तु। कपिलवस्तुमा भएको बस दुर्घटनामा एक जनाको ज्यान गएको छ। जिल्लाको कपिलवस्तु नगरपालिका वडा नम्बर ७ धरमपानियामा बस पल्टिदा एक महिलाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी उपरिक्षक दिप शमसेर जवराले पुष्टी गरे। मृतकको सनाखत भने हुन सकेको छैन। दुर्घटनामा घाइते १५ जनाको जिल्ला अस्पतालमा उपचार भैरहेको उनले मायादेवीलाई बताए। जिल्ला सदरमुकाम तौलिहवा देखि भैररहवातर्फ जाँदै गरेको लु १ ख ६८१३ नम्बरको बस कपिलवस्तु नगरपालिका वडा नं. ७ धर्मपनियामा दुर्घटना भएको हो।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


स्थानीय सम्वाद

# भ्रमण वर्षको लक्ष्य गढीमाई मेलाले एक्लै पूरा गरेको छ



उपेन्द्र प्रसाद यादव
मेयर, महागढीमाई नगरपालिका, बारा

महागढीमाई नगरपालिका बारा जिल्लामा रहेको पाँच वटा नगरपालिकामध्ये एक हो। जो साबिकका महागढीमाई नगरपालिका, बरियारपुर, गंजभवानीपुर, बबुआइन, दहियार, तेलकुवा, पत्रहट्टी, मधुरीजब्दी, कवहीजब्दी, पिप्राबिर्ता, प्रशुरामपुर (१), मझरीया (८), महेशपुर (१) गा.वि.स.हरू मिलेर बनेको छ। यस नगरपालिकाको स्थापना वि.सं. २०७३ सालमा भएको हो। यस नगरपालिकाको पूर्वमा करैयामाई गाउँपालिका र पचरौता गाउँपालिका, पश्चिममा कलैया उप-महानगरपालिका, उत्तरमा करैयामाई गाउँपालिका र दक्षिणमा देवताल र स्वर्ण गाउँपालिका रहेको छ। ५५.३२ वर्ग मि.मि क्षेत्रफल रहेको यस नगरपालिकामा बहुजातिको बसोबास रहेको पाइन्छ।

**० महागढीमाई नगरपालिका धार्मिक पर्यटनको ठूलो सम्भावना बोकेको छ। पर्यटक भित्र्याउन नगरपालिकाले के गर्दैछ ?**

– यस नगरपालिकामा धार्मिक पर्यटनको ठूलो सम्भावना रहेको छ, जसको मुख्य केन्द्र हो गढीमाई मन्दिर। यहाँ पर्यटक लोभ्याउनका लागि हामीले एउटा गुरूयोजना तयार गरेका छौं। धार्मिक पर्यटक भित्र्याउनका लागि गुरूयोजनाअनुसार मन्दिर वरिपरि विकासका कामहरू अगाडि बढाएका छौं।

**० व्यवस्थापन पक्ष कस्तो छ ?**

– गढीमाई मन्दिरको प्रांगणमा एउटा ठूलो व्यवस्थित विवाहमण्डप १२ करोडको लागतमा बनाउँदैछौं। यसैगरी, हामी पोखरीहरू सौन्दर्यीकरण गर्दैछौं। यस्तै, यहाँ डिलक्स शौचालय निर्माण गरेका छौं। त्यसैगरी, सरसफाइको दृष्टिकोणले पनि नगरपालिकाले विभिन्न योजनाहरू सञ्चालन गरेको छ। यहाँ पार्क, चिल्ड्रेन पार्क लगायत निर्माण गर्ने हाम्रो गुरूयोजनामा रहेका छन्।

**० नेपाल भ्रमण वर्ष पनि सुरू भइसकेको छ, संघीय सरकारबाट कतिको सहयोग पाउनुभएको छ ?**

– नेपाल भ्रमण वर्षको सन्दर्भमा गढीमाई मन्दिर पूर्वाधार निर्माणका लागि संघ वा प्रदेश सरकारबाट कुनै किसिमको सहयोग पाएका छैन। भ्रमण वर्षको लक्ष्य पूरा गर्नका लागि यो गढीमाईले ठूलो योगदान दिन सक्छ तर कुनै किसिमको चासो देखिएको छैन। नेपाल सरकारले यस भ्रमण वर्षमा पर्यटक भित्र्याउने जुन लक्ष्य लिएको छ त्यो लक्ष्य गढीमाई मेला एक्लैले पूरा गरिसकेको छ। गढीमाई पञ्चवर्षीय मेलामा ४० लाखभन्दा बढी विदेशी धार्मिक पर्यटक भित्रिएका थिए। अहिले पनि गढीमाईमा लाखौंको संख्यामा विदेशी पर्यटकहरू आउने गरेका छन्। तर, यसमा प्रदेश वा संघ सरकारले कुनै किसिमको ध्यान दिएको छैन। भारतीय धार्मिक पर्यटकलाई सरकारले सायद महत्व दिएको छैन जस्तो लाग्छ।

**० भनेपछि भारतका विभिन्न राज्यबाट गढीमाई मेलामा आउने धार्मिक पर्यटकलाई नेपाल सरकारले पर्यटकको रूपमा हेरेको छैन ?**

– मलाई त यस्तै लाग्छ। किनभने अहिलेसम्म यहाँ प्रदेश वा केन्द्र सरकारको कुनै किसिमको ध्यानाकर्षण भएको छैन।

**० भारतीय धार्मिक पर्यटक पनि पर्यटक नै हो भनेर प्रदेश वा केन्द्र सरकारलाई किन ध्यानाकर्षण गराउनुभएको छैन ?**

–हामीले प्रदेश र केन्द्र सरकारलाई पटक-पटक ध्यानाकर्षण गराएका छौं। पञ्चवर्षीय गढीमाई मेला सुरू हुनुभन्दा पहिला पनि हामीले प्रदेश र संघीय सरकारलाई ध्यानाकर्षण गराएका थियौं। यो एसियाकै सबभन्दा ठूलो मेला हो, नेपालको २० लाख पर्यटक भित्र्याउने लक्ष्य पूरा गर्न सक्छ, यसलाई भव्य र सभ्य बनाउन प्रदेश वा केन्द्र सरकारले केही गरिदिनुपर्छ भनेर डेलिगेशन दिएका थियौं। पत्रमार्फत् पनि हामीले सहयोग मागेका थियौं तर, कसैको कुनै किसिमको चासो देखिएन।

**० यस पटकको पञ्चवर्षीय गढीमाई मेलामा कतिसम्म पर्यटक आएका थिए ?**

– यसपटकको गढीमाई मेलामा मंसिरसम्म लगभग ८० लाख पर्यटक भित्रिएका थिए र माघे संक्रान्तिमा १२ लाख पर्यटक आएका छन्। माघे संक्रान्तिमा हाम्रो पूरै बारा जिल्ला नै भरिभराउ थियो।

**० पर्यटकहरूको सुविधाका सवालमा केकस्ता व्यवस्था गर्नुभएको छ ?**

– महागढीमाई नगरपालिकाले पर्यटक तथा भक्तजनहरूका लागि ठाउँ-ठाउँमा खानेपानीको व्यवस्था गरेको थियो। लगभग ३० ठाउँमा अस्थायी शौचालयको पनि व्यवस्था गरेका थियौं। यस्तै, अस्थायी पण्डालहरू पनि लगाएका थियौं। सुरक्षाको दृष्टिकोणले ८५ ठाउँमा सीसी क्यामेरा जडान गरेका थियौं। नगर प्रहरीदेखि सुरक्षाकर्मीहरू पनि खटाएका थियौं। यस्तै, नगरपालिकाले लगभग १४ वटा अस्थायी स्वास्थ्य शिविर पनि सञ्चालन गरेको थियो।

**० यत्रो ठूलो संख्यामा महागढीमाई नगरपालिकामा पर्यटक भित्रिने गरेका छन्, यसबाट नगरपालिकालाई कतिको आर्थिक लाभ हुन्छ त ?**

– यो मेलामा आउने पर्यटकहरूका लागि हामीले अतिथि देवो भव: भावले सेवाहरू पुऱ्याइरहेका छौं। यसबाट हामी कुनै किसिमको लाभभन्दा पनि धर्म र पुण्यको हिसावले हेरेका छौं। दिनानुदिन गढीमाई मेलामा पर्यटकको सख्या पुग्दै गइरहेको छ। यहाँ करोडौं संख्यामा विदेशी धार्मिक पर्यटक भित्रिन थालेका छन्। यहाँका बासिन्दाले पर्यटक तथा श्रद्धालूहरूलाई नि:शुल्क रूपमा विभिन्न किसिमका सेवाहरू उपलब्ध गराउँदै आएका छन्। जसले गर्दा हामीलाई ठूलो सहयोग पनि पुगेको छ। हामीले पर्यटकबाट केही लिनेभन्दा पनि सेवाभावले आफ्नो कार्यहरू अगाडि बढाइरहेका छौं। त्यसैले, यहाँ आउने पर्यटकहरू पूर्णरूपमा सन्तुष्ट भएर फर्किने गरेका छन्।

**० महागढीमाईका जनताले स्थानीय सरकारको अनुभूति गर्न पाएका छन् ?**

– निश्चितरूपमा यहाँका जनताले स्थानीय सरकारको अनुभूति गरेका छन्। हामी जनतामुखी काम गरेका छौं। जनतामुखी योजनाहरू ल्याई जनताकै लागि विभिन्न कामहरू अहिले गरिरहेका छौं। जनताले सिंहदरबारको पनि अनुभूति गरेका छन्। यहाँ कुनै किसिमको असन्तुष्टि वा विरोध छैन। यहाँका जनताले सुशासन र विकासको अनुभूति राम्रोसँग गरेका छन्।

## विश्व परिवेश

# के विद्यार्थीहरूले पाकिस्तानमा परिवर्तन ल्याउँछ ?

**-सैमुएल वैद**

प्रधानमन्त्री इमरान खानले आफ्नो आन्तरिक, वैदेशिक र आर्थिक प्रतिबद्धताका बाबजूद हालै आफ्नो जुलाई, २०१८ को निर्वाचन-समर्थक विद्यार्थीहरूले गरेको १५ दिनको आजादी अभियान मार्फत उनलाई पद-त्याग गर्न आयोजित विरोध र्‍यालीहरूको सामना गर्नुपरेको छ । 'स्टुडेण्ट एक्शन कमिटी (एस.ए.सी.) द्वारा आयोजित सो र्‍यालीहरूमा नोभेम्बर २९ का दिन प्राय: पाकिस्तानका ५० वटा नगरहरूमा एकै पटक गरिएको थियो । उनीहरूको मागहरूको लामो सूचीमा सबभन्दा प्रमुख माग-विद्यार्थी-यूनियनहरूमाथि ३५ वर्ष पूर्व लगाइएको प्रतिवन्ध फुकुवा गर्नु रहेको थियो । त्यो प्रतिवन्ध, सन् १९८४ मा तत्कालीन प्रमुख मार्शल-ल-प्रशासक तथा राष्ट्रपति जनरल जियाउल हकद्वारा जमात-ए-इस्लामी संगठनको विद्यार्थी इकाई 'इस्लामी जमीयत तुल्वा (आई.जे.टी.) ले पूर्व-धर्मनिरपेक्ष लोकतान्त्रिक विद्यार्थी संघले असजिलो मानेको कारण तिनीहरूको दवाबमा, लागू गरिएको थियो ।

इस्लामी जमीयत मुल्वाले आफ्ना क्रियाकलापहरू (गतिविधिहरू) बारे स्पष्ट उल्लेख गर्दै स्टुडेण्ट यूनियन कमिटी (एस.ए.सी.) ले कैम्पसहरू माथि लगाइएको धार्मिक प्रतिवन्धलाई समाप्त पारी कैम्पसहरूको वातावरणलाई शान्तिपूर्ण, स्वस्थ्य र लोकतान्त्रिक वातावरण निर्माण गर्ने माग गरेको थिए । नोभेम्बर २४, का दिन लाहौर प्रेस क्लबमा स्टुडेण्ट एक्शन कमिटीले प्रेस वक्तव्य मार्फत विद्यार्थीहरूले जुझ्दै आएका तीन प्रकारका दवावहरू बारे यस प्रकार खुलासा गरेका थिए :-

(१) विश्वविद्यालयहरूमा सुरक्षा बलहरूको संलग्नता,
(२) धार्मिक अतिवादिता र
(३) विद्यार्थीहरूले कैम्पसहरूको राजनीतिमा सहभागी नहुने अवधारणा पत्रहरूमा दस्तखत गरी त्यस प्रकारको क्रियाकलाप नगर्ने वाचा गर्नुपर्नेछ ।

विद्यार्थीहरूले स्टुडेण्ट यूनियनहरूमाथि प्रतिवन्ध फुकुवा गरेर शैक्षिक बजेटमा कटौती गर्ने कार्य बन्द गर्नु पर्ने, शुल्क-वृद्धि बन्द गर्नु पर्ने र शिक्षाको निजीकरण जस्ता कार्य बन्द गर्न समेत माग गरेका थिए भने विद्यार्थीहरूले तिनीहरूको शैक्षिक भविष्य सम्बन्धमा गरिने निर्णय-प्रक्रियामा सहभागी गराउनु पर्ने समेत माग गरेका थिए । तिनीहरूले गत वर्ष अल्पसंख्यक समुदाय र गरिब परिवारबाट आउने विद्यार्थीहरूलाई राहत दिनु पर्ने माग समेत दाहोर्‍याएका थिए ।

यस्तो प्रतीत हुन्छ कि 'स्टुडेण्ट एक्शन कमिटी' को उद्देश्य सेना र धार्मिक अतिवादितालाई चुनौती दिँदै प्रतिवाद प्रक्रियालाई पुनर्जीवित गरी लोकतन्त्रलाई बलियो बनाउनु रहेको छ । पाकिस्तानी समाचारपत्रहरूले प्रतिरोधीहरू, मानव अधिकार संगठनहरू, अधिवक्ता तथा राजनीतिज्ञहरूले समेत त्यस आन्दोलनलाई सघाउँदै आएको बताएका छन् । पंजाव विश्वविद्यालयबाट स्नातक गर्ने अहज औरन्जेब भन्ने छात्रा आफ्नो त्यस प्रतिरोधी वक्तव्यका लागि प्रख्यात भई सकेका छन् । एक भिडियो मार्फत क्रान्तिकारी कवि बिस्मिल अजीमावादीको एक दोहा सुनाउँदै देशमा भएको प्रतिरोधी राजनीति समेतलाई उद्घृत गर्दै त्यस छात्रालाई सहनशीलता र विद्यार्थीहरूका अधिकारहरूको प्रतीकका रूपमा प्रस्तुत गरिएको थियो । लाहौर वामपन्थी समूहका संचालक र वामपन्थी अनलाइन उर्दू प्रकाशन "जेद्दोजेहाद" (संघर्ष) का सम्पादक फारूक तारीकले-"प्रत्यक वामपन्थीहरू नोभेम्बर २९ को आन्दोलन यात्रामा सहभागी हुने बताएका थिए । विद्यार्थीहरूको संगठित आन्दोलन-यात्रा लाहौरको इतिहासमा एक नयाँ अध्यायको रूपमा देखिनेछ । जस्ले मजाक गर्दै सोध्दै आएको छ 'वामपंथी इकाई कहाँ छ ?" त्यसलाई हामी भन्छौ-कृपया नोभेम्बर २९ का दिन आउनुस् तब हामी तपाईंलाई देखाउने छौं कि वामपन्थी इकाई कसरी बाँच्दै आएको छ र रातो तथा आन्दोलनका लागि कसरी जुझ्दै आएको छ ? तर प्रतिवादमाथि ज्यादै बढी जोड दिनाले नाभेम्बर २९ का दिन तिनीहरूले देखाएको प्रतिबद्धता र एकतालाई खलल पुर्‍याउन सक्छ । पाकिस्तानका अधिकांश महाविद्यालय र विश्वविद्यालय विद्यार्थीहरू सरकारी विद्यालय तथा मदरसाहरूसँग सम्बद्ध रहेका छन् । त्यसैले वाम समूहलाई छुट दिने प्रयास गर्नु वर्तमान परिप्रेक्ष्यक विद्यार्थी जागरणले इस्लामी जमीयत तुल्बा (आई.जे.टी.) लाई मात्र लाभ पुर्‍याउने छ ।

विगत ३५ वर्षको अवधिमा विद्यार्थी संगठनहरूमाथि लगाइएको प्रतिबन्धले गर्दा खासगरीकन केटीहरूले धेरै परेशानी उठाउनु परेको छ । विद्यार्थी आन्दोलनका क्रममा केटीहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्दा लैगिंक असमानताले गर्दा बढी परेशानी खप्नु परेको छ । विश्वविद्यालयहरू कर्मचारीहरूद्वारा क्लोज सरकिटको प्रावधान (सी.सी.टी.वी.) ले गर्दा खासगरी केटीहरूमाथि दुर्व्यवहार हुने गरेको छ । 'डान' पत्रिकाको नोभेम्वरमा प्रकाशित एक लेखले विश्वविद्यालयहरूका कर्मचारीले खासगरीकन केटीहरूका साथ भएको यौनिक दुर्व्यवहारलाई सी.सी.टी.वी. क्यामराले गलत ढंगले प्रयोग गरेको समचार सार्वजनिक गरेको थियो । वलूचिस्तान विश्वविद्यालयका सुरक्षाका नाममा विद्यार्थीहरूमाथि निरन्तर निगरानी गर्ने निहुँमा अक्टोवरमा केटीहरूसँग घुस मागेको संवेदनशील प्रसंग प्रकाशमा आएको थियो, जसमा तिनीहरूका कर्मचारी चाहना अनुरूप नगरेमा तिनीहरू (केटी) को केटाहरूसँगको क्रियाकलापबारे तिनका माता-पितालाई सी.सी.टी.वी. मार्फत जानकारी गराई दिने प्रकारले धम्क्याएका थिए । तिनीहरूका संगठनहरूमाथि प्रतिबन्ध लगाइएकोले विद्यार्थीहरूले विश्वविद्यालय र महाविद्यालयहरूको त्यस दुर्व्यवहारसँग जुध्न सकेका छैनन् ।

पाकिस्तानमा रहेका थुप्रै-खासगरीकन मजदूरहरू, मानव अधिकार संगठनहरू, अधिवक्ताहरू र संचार माध्यमहरूले विद्यार्थीहरूको विद्रोहबाट पाकिस्तानमा एकै पटक केही अपेक्षा गरेको छ किनकि इमरान खानको सरकार देशमा शासन गर्न असक्षम रहेको भए पनि विपक्षी दलहरू समेत चुनौतीहरूलाई अग्रसारित गर्ने तिर अनिच्छुक नै रहेका छन् । मौलाना फजलुर रहमानको नेतृत्वमा रहेको जमीयत-उलेमा-इस्लामको ज्यादै चर्चित "आजादी मार्च" ले त्यसलाई सावित वा प्रमाणित गरी दिएको छ उनले घोषणा गरेका थिए कि इमरानले जबसम्म राजीनामा दिँदैन, तबसम्म यो अभियान चालू रहनेछ । त्यो आन्दोलन १५ दिनमा समाप्त भए पनि अर्को 'प्लान बी' कहिले बन्द भएन । तर पनि पूर्ववत् असक्षम रहेपनि इमरान सत्तामै रहेका छन् । यदि सेनाले हस्ताक्षेप गरेन भने विद्यार्थीहरूले पाकिस्तानमा अर्को ताजा नेतृत्व दिन सक्नेछ । पाकिस्तानी समाचारपत्रहरूले जनाए अनुसार नोभेम्वर २९ का र्‍यालीहरूले त्यस आकांक्षालाई उत्प्रेरित गरी सकेको छ ।

# चीनको खस्किँदो आर्थिक स्तर

अमेरिकासँग बेइजिङ्गको व्यापार युद्धको गहिरो प्रभावले गर्दा चीनले नेपाल, मालदिभ्स, बंगलादेश र श्रीलंका लगायत विभिन्न देशहरूमा गरेको आर्थिक कार्यक्रमहरू संचालित हुन गाह्रो हुन सक्नेछ । श्रोतहरूका अनुसार बंगलादेशमा चीनको वित्तीय २७ वटा प्रस्तावित योजनाहरूमध्ये झण्डैले २२ योजनाहरूमा कुनै प्रगति भएको छैन, जसमध्ये ७ वटा संचार संगठन, ६ वटा उर्जा र शक्ति तथा बाँकी स्थानीय सरकार, सूचना र प्रविधि क्षेत्रको रहेको छ । अक्टोवर, २०१६ मा चीनका राष्ट्रपति सी जिनपिङ्गले बंगलादेशको भ्रमण गर्ने अवधिमा ती २७ वटा योजनाहरू स्वीकृति दिएका थिए । त्यस्तै चीनले नेपालका २५ वटा विनाश पूर्वाधार पुनर्निर्माणका योजनाहरू सम्बन्धमा पहिला नै सहमति गरेको भए पनि त्यस मध्येको १० वटा योजनाहरू मात्र सम्पन्न भएको छ ।

२. तथ्यांक अनुसार चीनले झण्डैले तीन दशक देखि जुन दशकसँग आफ्नो लगानी घटाउने प्रयास गर्दै आएको थियो त्यस क्रममा देखिएका अवरोधहरूले गर्दा ज्यादै कम आर्थिक वृद्धि भएको अनुभव गर्दै महसुश समेत गर्दै आएको छ ।

३. अधिकांश पूर्वाधार विकास योजनाहरू, जस्तै-सडक, रेल र कारखानाहरू पूर्ण रहेका हुनाले चीनका मजदूरहरू सीमित नयाँ लगानी उपकरणहरू चोट पुर्‍याउने खालका रहेको स्पष्ट महसुश गरी रहेका छन् ।

४. सेप्टेम्वर, २०१९ मा अमेरिकाको बढ्दो लगानी देखेर चीनको उपभोग्य वस्तुहरू नराम्ररी प्रभावित भै त्यसको अमेरिका निर्यात को स्थिति २२% तल झर्न पुगेको थियो । जबकि अमेरिकी लगानी चीनको पुरै आर्थिक गिरावटको एक अनुभाग बराबर मात्र रहेपनि बेइजिङ्गले विकासशील विश्वमा निर्यातको क्रम बढाएको छ ।

चीनको आर्थिक खस्किँदो स्तर हुनुको कारण चीन आन्तरिक कारणले बढी संचालित रहे पनि कारको बिक्री र खरीद शक्ति तल झरिसकेको छ, जसले सम्पति बाजारलाई कमजोर तुल्याई दिएको छ ।

५. बहुराष्ट्रिय कम्पनीहरूका वैदेशिक लगानीहरू कडा वैधानिक प्रक्रियाहरू, खासगरीकन अविश्वसनीय प्राकृतिक नरहेको कारण चीन तल खस्कँदै गएको थियो ।

६. विश्वको सबभन्दा ठूलो सुंगुर उत्पादक तथा उपभोक्ताले गर्दा सुंगुरको झोल बढ्दै जानु स्वाभाविक र अनुकूल मात्र नभै अर्थव्यवस्थालाई समेत नराम्ररी प्रभावित समेत मात्र नगरी सामाजिक असन्तोषको माध्यम समेत बन्न गएको छ । त्यसैले चिनियाँ अधिकारीहरू-समेत त्यसबाट धेरै प्रभावित भई त्यससँग जुझ्दै आउन परेको छ, खासगरीकन अफ्रिकी सुंगुरको बिमारीले गर्दा हुन आए अवरोधका कारण ।

७. उल्लेखनीय कुरो के भने अफ्रिकी सुंगुरको बिमारी नियमकानूनका बावजूद पनि देशव्यापी रूपमा फैलिसकेको छ । त्यसको कारण त्यस वारेमा सही जानकारी गराउनु व्याक्ति, समुदाय तथ्य सम्बन्धित अधिकारीहरू समेतले बजेटको अभावमा सुंगुर पाल्ने किसानहरूलाई क्षतिपूर्ति दिन नसक्नुका साथै पशुहरूलाई समेत नियन्त्रणमा राख्न नसकेर ठीकसँग पाल्न नसकेकोले तिनीहरू समेत जिम्मेवार रहेका छन् । चीन पनि त्यसको अपवाद रहेको छैन ।

स्वस्थ पत्रकारिताको विकास
स्वतन्त्र र हकअधिकारको
जगेर्ना, राष्ट्रिय सर्वमान्य
प्रचलन र मान्यतालाई
समायोजन गर्दै अगाडि बढ्नु
आजको अपरिहार्य
आवश्यकता हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सिमानामा तीन बीओपी थपिए

काठमाडौं । नेपाल-भारत सीमा सुरक्षाका लागि सशस्त्र प्रहरी बल नेपाल नम्बर ३१ गण हेडक्वाटर बर्दियाको तीन वटा बोर्डर आउट पोस्ट (बीओपी) थपिएको छ । गुलरिया नगरपालिकास्थित कट्टी, बढैया ताल गाउँपालिकाको कण्ठपुर र मधुवन नगरपालिकाको भग्रैयामा बीओपी सञ्चालनका लागि स्विकृति दिएको हो ।

बर्दियास्थित नेपाल–भारत दक्षिणवर्ती खुला सीमानामा नेपालतर्फ सीमा सुरक्षाबलको तीनवटा पोस्ट थप गरिएको सशस्त्र प्रहरीबल प्रदेश नम्बर ५ का बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक नारायणदत्त पौडेलले बताए । सीमामा सुरक्षाबलको उपस्थिति कम भएको भन्दै ३१ नम्बर हेडक्वाटर बर्दियाले तीनटा पोस्ट थपका लागि प्रस्ताव पेस गरेको थियो । यीबाहेक राजापुर नगरपालिकास्थित मानपुर टपरामा पनि थप्ने नयाँ प्रस्ताव गरिएको छ । गुलरियास्थित कट्टीमा स्थापना गरिएको पोस्टको शुभारम्भको उनले उद्घोष गरे । सरकारले देशैभर एक सय १४ वटा बीओपी थप्ने निर्णय गरेको थियो । ५ नम्बर प्रदेशमा मात्र ३३ वटा बीओपी थपिँदैछ । बीओपी थप नगर्दा एउटा पोस्टले सीमानामा २० देखि ३० किलोमिटरको दूरीमा सुरक्षा दिनुपर्ने बाध्यता थियो । सशस्त्र प्रहरीले जिम्मेवारीमा रहेका सीमा स्तम्भहरूको नियमित अनुगमन, निरीक्षणलगायत जीपीएसमार्फत रेकर्डहरू अद्यावधिक गर्ने काम गर्दै आएको छ ।

## सन्तमहात्माहरूद्वारा देवघाटधाममा स्नान



चितवन । भारतका सुप्रशिद्ध साधु महात्माहरू मकर संक्रान्तिको अवसरमा चितवनको देवघाटधाममा स्नानका लागि आएका थिए । कालिबाबासहित भारत केदारनाथ मठका जगदगुरू समेत गरेका छन् । कालिबाबा र अन्य भारतीय जगदगुरू तथा सन्तमहात्महरू, भारत केदारनाथ मठका जगदगुरू श्रीश्रीश्री १००८ अनन्त विभुषित रावलपदवी जगदगुरू श्री भिमाशंकरलिंग शिवाचार्य महाराज पनि देवघाटधाममा स्थान गरेका छन् । देवघाटमा त्रिशुली र कालीगण्डकीको संगम स्थल छ । यी दुई नदी मिलेकै समयदेखि देवघाटमा मकर स्नान मेला सुरू भएको धार्मिक कथन रहेको छ ।

## जिल्ला समाचार

### तीन महिना फ्रि इन्टरनेट सेवा

जनकपुरधाम । मुख्यमन्त्री 'बेटी पढाउ बेटी बचाउ' अभियान अन्तर्गत छोरी शिक्षा बिमा गराउने बालिकाहरूले तीन महिनाको फ्रि इन्टरनेट सेवा पाउने भएका छन् । मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र सुबिसु केबल नेट प्रा.लि बिच भएको सम्झौता अनुसार छोरी शिक्षा बिमा गराउने छोरीहरूले तीन महिनाको फ्रि इन्टरनेट सेवा प्राप्त गर्ने छन् । प्रदेश २ को सरकारले संचालन गरि रहेको बेटी पढाउ बेटी बचाउ अभियानलाई सफल बनाउन सुविसु केबल नेट प्रालीले यो सेवा उपलब्ध गराएको सुविसुका आयोजना प्रमुख सुवास अधिकारीले जनाएका छन् । प्रदेश सरकारको यो अभियानलाई सफल बनाउन विभिन्न सेवा प्रदायक संघ संस्थाहरूले सहयोग गर्दै आएका छन् ।

### विद्यालयमा दिवा खाजा कार्यक्रम सुरू

विराटनगर । विराटनगर महानगरपालिकाले पुस २७ गतेदेखि विद्यालयमा दिवा खाजा खाने व्यवस्थाको सुरूवात गरेको छ । महानगरपालिकाले दोश्रो चौमासिक अन्तर्गत खाजा खाने टिफिनसहित दैनिक २० रूपैयाँ प्रति विद्यार्थी उपलब्ध गराउन सुरू गरेको छ । सामुदायिक विद्यालयमा दिवा खाजा उद्घाटन कार्यक्रममा महानगरका मेयर भीम पराजुलीले विद्यार्थीलाई यो प्रयोगले विद्यालयमा टिकाउनेमा मद्दत गर्ने आशा रहेको बताएका छन् । सरकारी विद्यालयको स्तरोन्नति गर्न महानगर प्रतिवद्ध रहेको बताउँदै मेयर पराजुलीले विपन्न, गरिब, पिछडावर्गका बालबालिकालाई शिक्षाप्रति मोह जगाउन खाजा अभियानले सकारात्मक भूमिका खेल्नेमा आशावादी रहेको बताए । विद्यालय व्यवस्थापनको पक्षबाट यस कार्यक्रमलाई सफल रूपमा कार्यान्वयन गर्न सकेको खण्डमा शिक्षातर्फ महानगरको बजेट थप बढ्ने उनको भनाइ थियो ।

### गाउँ तथा नगर सभा सुरू

बाँके । बाँकेका स्थानीय तहमा हिउँदे अधिवेशन सुरू भएको छ । जिल्लाका आठवटा स्थानीय तहमध्ये जानकी गाउँपालिकाको गाउँसभा सम्पन्न भएको छ । खजुरा गाउँपालिकाको हिउँदे अधिवेशन जारी छ भने अन्य स्थानीय तहले अधिवेशनको तयारी गरिरहेको जनाएका छन् । जानकी गाउँपालिकाको अधिवेशन योजना संशोधनमा केन्द्रित भएको छ । खजुरा गाउँपालिकाको छैटौं गाउँसभा नीतिगत सभाका रूपमा देखिएको छ । गाउँ सभामा कानुन निर्माण कार्यले प्राथमिकता पाएको अध्यक्ष किस्मतकुमार कक्षपतिले जानकारी दिए । अधिवेशनले खजुरा गाउँपालिकाको शिक्षा र स्वास्थ्य नीति पारित गरेको छ । विधान समिति संयोजक योगमाया खनालले प्रस्तुत गरेको स्वास्थ्य र शिक्षा नीतिमा सभामा छलफलपछि पारित भएको हो ।

### प्रादेशिक बसपार्क डिजिटल बनाइँदै

रूपन्देही । रूपन्देहीको तिलोत्तमा नगरपालिकामा आधुनिक प्रकारका डिजिटल प्रादेशिक बसपार्क निर्माण हुने भएको छ । त्यसका लागि आवश्यक प्रक्रिया पनि अघि बढेको छ । तिलोत्तमा नगरपालिकाको १३ तीनघुरामा १८ बिघा नदी उकास क्षेत्रमा प्रादेशिक बसपार्क निर्माण गर्न लागिएको हो । नगरपालिकाले भौतिक पूर्वधार मन्त्रालयमा प्रस्ताविक बसपार्कको प्रारम्भिक अवधारणा पेस गरेको छ । बसपार्क निर्माणका लागि तिलोत्तमा नगरपालिकाले ४८ कारोड र प्रदेश सरकारले ३२ करोड लगानी गर्ने गरी प्रस्ताव गरिएको छ । यसका लागि प्रदेश सरकारसँग पहिलो चरणको छलफल भइसकेको छ । चालू आर्थिक वर्षमै नगरपालिकाले एक करोड रकम विनियोजन गरेर डीपीआर तयार गरिएको छ ।

### महाधिवेशन वीरगन्जमा हुने

वीरगन्ज । नेपाल कलवार कल्याण महासंघ काठमाडौंको तेस्रो महाधिवेशन वीरगन्जमा हुने भएको छ । कलवार कल्याण समिती बिरगंजले आयोजना गरेको पत्रकार सम्मेलनमा बिरगंजका अध्यक्ष प्रभु प्रसाद कलवारले यहि माघ ३ गते वीरगंजको नगर सभागृहमा बिहान ११ बजे सुरू हुने र यसको सम्पुर्ण तयारी भइसकेको जानकारी गराएका थिए । यस महाधिवेसनमा २३ जिल्लाका ३०० प्रतिनिधि र प्रवेक्षक गरि ५०० जना सहभागिता रहने समेत बताए । उद्घाटन कार्यक्रमको प्रमुख अतिथिमा छिमेकी भारतका भाजपा बिहारको प्रदेश अध्यक्ष तथा लोकसभा सदस्य माननिय डा. सन्जय कुमार जैसवाल आउने र कार्यक्रमको खर्च कुल चार लाख देखि साढे चार लाख हुने छ ।

### बिरामी मर्कामा

रौतहट । रौतहटको ग्रामीण भेगमा बिना दर्ता खुलेआम निजी क्लिनिकहरू संचालन हुँदा बिरामी मर्कामा परेका छन् । अवैध झोले छाप डाक्टर तथा बिना दर्ता निजी क्लिनिकलाई सम्बन्धिक निकायले अनुगमन गरी कारबाही नगरिँदा समग्र स्वास्थ्य क्षेत्र प्रभावित बन्दै गएको छ । एकातिर बिरामीले प्रभावकारी सेवा पाउन सकिरहेका छैनन् भने अर्कातिर दर्ता गरी संचालनमा आएका क्लिनिकहरू छायाँमा परेका छन् । नेपाल मेडिकल काउन्सिलबाट स्वीकृति प्राप्त मात्र क्लिनिक सञ्चालन गर्न सकिने कानुनी प्रावधान रहेपनि त्यसको विपरीत बिना लाइसेन्स डाक्टर तथा अवैध क्लिनिक सञ्चालनमा रहेको पाइएको छ । गैरकानुनी डाक्टर जिल्लाका ग्रामीण क्षेत्रमा जरा गाडेर बसेको छ । झोलेछाप डाक्टरले बिना डिग्री हाइपावर एन्टिबायोटिकको प्रयोग गरेर बिरामीको स्वास्थ्यसँग खेलवाड गर्ने गरेको समेत पाइएको छ ।

### बैठक सहज बनाउन प्रविधि जडान

धनगढी । सुदूरपश्चिम प्रदेशसभा भवनमा थप प्रविधि जडान गरिएको छ । हिउँदे अधिवेशनदेखि प्रदेशसभा सञ्चालनको प्रत्यक्ष प्रसारण गर्न 'यु-ट्युब' लाइभका लागि आवश्यक प्रविधि जडान गरेको प्रदेशसभा सचिवालयले जनाएको छ । प्रदेशसभा बैठकलाई सहज, मर्यादित बनाउने र सूचना सङ्कलन एवं प्रवाहको कार्यलाई सहज बनाउने उद्देश्यले थप प्रविधि जडान गरिएको हो । त्यसैगरी प्रदेश सभा सदस्यको टेबुलमा डिजिटल माइकको व्यवस्थाका साथै रेकर्डिङ सिस्टम पनि स्तरोन्नति गरिएको जनाइएको छ । प्रदेशसभा हल, मिडिया सेन्टर र आफ्नो कार्यकक्षमा डिस्प्ले जडान भएको सभामुख अर्जुनबहादुर थापाले जानकारी दिए । "यसले गर्दा प्रदेशसभा भित्रका सबै बैठक गतिविधिको जानकारी सहज रूपमा हुनेछ", उनले भने ।

### औषधी व्यवसायीद्वारा पदभार ग्रहण

विराटनगर । नेपाल औषधी व्यवसायी संघ मोरङ जिल्ला शाखाको नवनिर्वाचित पदाधिकारीहरूले शनिवार पदभार ग्रहण गरेका छन् । विराटनगर-१० स्थित औषधी व्यवसायी संघ कोशी शाखाको भवनमा शाखाले आयोजना गरेको पदभार ग्रहण समारोहमा नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले पदभार ग्रहण गरेका हुन् । गत मंसिर २० गते भएको संघको निर्वाचनबाट निर्वाचित अध्यक्ष लक्ष्मी तिम्सिनालाई निर्वाचन समितिका संयोजक अधिवक्ता सुरेशलाल श्रेष्ठले सपथ ग्रहण गराए ।

### विद्युत्त सेवा अवरूद्ध बनाएर कैदी फरार

रौतहट । रौतहटमा रहेको जिल्ला कारागार गौरबाट र अपहरण तथा शरीर बन्धक मुद्दामा थुनामा रहेका कैदी फरार भएका छन् । अशोक यादव आइतबार राति फरार भएका छन् । तीन वर्षअघि जिल्ला अदालतले अपहरण तथा शरीर बन्धक मुद्दामा उनलाई कारागार पठाएको थियो । कारागारभित्र आन्तरिक रूपमा विद्युत सम्बन्धी काम समेत गर्ने गरेका यादव राति १० बजेको समयमा विद्युत सेवा अवरूद्ध बनाएर अँध्यारोको फाइदा उठाउँदै भागेको कारागार प्रशासनले जनाएको छ । राति बत्ती नबलेपछि बनाउन उनको खोजी भएको थियो । तर कारागारभित्र फेला नपरेपछि उनी भागेको जानकारी कारागार प्रशासनले पाएको थियो ।

### ब्राउन सुगरसहित तीन जना पक्राउ

कैलाली। जिल्ला प्रहरी कार्यालय कैलालीले धनगढीबाट लागूऔषध ब्राउन सुगरसहित तीन जनालाई पक्राउ गरेको छ । धनगढी उपमहानगरपालीका ८ मा लागूऔषधको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा प्रहरीले तीन जनालाई ५ सय १० मिलीग्राम ब्राउन सुगर सहित पक्राउ गरेको हो । धनगढी उपमहानगरपालिका १० घर भई वडा नम्बर ८ को बुद्धचोकमा डेरा गरी बस्ने २० वर्षका उमेश धामी, २० वर्षीया उमा चौधरी र १९ वर्षीया असरानी चौधरीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायव उपरीक्षक दक्षकुमार बस्नेतले जानकारी दिए । पक्राउ परेकाहरूबाट ब्राउन सुगर र सेवन गर्न प्रयोग गरेको नोट लगायतका सामान बरामद गरिएको उनले बताए । जिल्ला अदालतबाट ५ दिन म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### अतिरिक्त कक्षा सञ्चालन

बुटवल । प्रदेश ५ को सामाजिक विकास मन्त्रलयले एईई परीक्षाको नतिजा सुधारका लागि अभियान सुरू गरेको छ । एसईई परीक्षामा सहभागी विद्यार्थी गणित र विज्ञान विषयमा कमजोर भएको देखिएपछि परीक्षामा सुधार गर्न मन्त्रालयले अतिरिक्त कक्षा सञ्चालन गर्ने निर्णय गरेको हो । सामुदायिक विद्यालयबाट २०७५ मा एसईई परीक्षामा सहभागी विद्यार्थीमध्ये ७२ प्रतिशत विद्यार्थीको ई ग्रेड आएपछि त्यसलाई सुधार गरी ग्रेड बढाउन अीतिरिक्त कक्षा सञ्चालनको कार्यक्रम ल्याएको प्रदेश ५ का सामाजिक विकासमन्त्री सुदर्शन बरालले बताए । विद्यार्थीले रोजेको विषय अध्ययनमा सजिलो बनाउनका लागि ग्रेड वृद्धिमा संघाउन अतिरिक्त कक्षा सञ्चालन गर्न लागिएको मन्त्री बरालले जानकारी दिए । अभियानअन्तर्गत ५७ हजार ८४७ विद्यार्थीले कक्षा लिने र अधिकांश विद्यार्थी लाभान्वित हुने मन्त्री बरालले विश्वास व्यक्त गरे ।

### बालबिवाह रोकथाम सम्बन्धी अन्तर्क्रिया

वीरगन्ज । बालबिवाह रोकथाम सम्बन्धी विभिन्न धर्मगुरूको उपस्थितिमा जिल्ला प्रहरी कार्यालय पर्साको विपत् व्यवस्थापन कक्षमा अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सहयोगी संस्था पहल नामक सस्थाका अध्यक्ष दिलिप राज कार्कीले कार्यक्रम संचालन गरेका हुन् । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक सोमेन्द्र सिंह राठौरको अध्यक्षतामा भएको सो कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक गौतम थापाले कार्यक्रम बारेमा प्रकाश पारेका थिए । हिन्दु धर्मगुरू ज्योतिष संघ केन्द्रिय उपाध्यक्ष पुरूषोतम दुबे, मद्र्सा संघ प्रदेश न.२ का अध्यक्ष शशीकपुर मियाँ, वीरगंज गुरूद्वाराका अध्यक्ष अमरजित सिंह, क्रिश्चियन संघ पर्साका अध्यक्ष नारायण प्रसाद आचार्य, नेपाल पत्रकार महासंघ प्रदेश न.२ का उपाध्यक्ष केसी लामीछाने , नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष श्याम बन्जरा, सन्चारकर्मी रितेश त्रिपाठी, सन्कर आचार्य लगायतकाले आ-आफ्नो धारणा राखेका थिए ।

कला/साहित्य

कमल मण्डल 

# मैथिली फिल्ममा नायिकाको अवस्था

२०४९ सालमा नेपालबाट निर्माण भएको पहिलो चलचित्र दहेज हो । दहेज, हमरा लग रहव, गरीबक बेटी, सुहागीन, अपन समाज, करम भाग्य, पिया भेल परदेशी, माईके ममता, लगायत तिन दर्जन फिल्म निर्माण भइसकेका छन् ।

बिरेन्द्र बविरपंथीको फिल्म अपन समाजबाट नायिका बनेकी डोली सरकार अर्को फिल्म करम भाग्य जस्ता सफल भलचित्रको कारण मैथिली क्षेत्रमा मात्रै नभएर देश विदेशमा पनि आफ्नो नाम उच्च राखेकी छन् । डोलीको डिमान्ड अनुसार रकम नपाएपछि फिल्मभन्दा पनि विदेशमा हुने विभिन्न साँस्कृतिक कार्यक्रमहरूमा भएको छ । मैथिली सिने क्षेत्रमा सिनियर र जुनियर कलाकारको पारिश्रमिक फरक फरक हुनुपर्छ । फ्रिको कलाकार राख्यो भने त्यो फिल्म कसरी चल्छ । मैथिली फिल्म बनाउँछ तर सबै काम सस्तोम गर्ने सोचाईको कारणले आज मैथिली सिनेमा अगाडी बढ्न नसकेको र रात दिन मेहनत गर्ने कलाकारको हातमा राम्रो फिल्म नपरेपछि विस्तारै विस्तारै नायिकाहरू पलायन हुँदै गएको बुरा बताउँछिन् डोली सरकार ।

गत वर्षको सुपरडुपर हिट भिडियो नथिया टुटल सैया खटिया परबाट मैथिली दर्शकको मन जित्न सफल नायिका लिजा कौशल चौधरी डेढ दशकदेखि कला क्षेत्रमा सक्रिय रूपमा आफ्नो उपस्थिति जनाउँदै आएको कलाकारमध्ये एक हो । लवकी कनिया, दिलु रानी, टाईम पास, औकात जस्ता सुपरहिट फिल्महरूमा अभिनय गरिसकेका छन् । आफू पूर्ण रूपमा कलाकारिता क्षेत्रमा लागेको छु अहिले मैथिली फिल्म वर्षमा एउटा दुईटा मात्रै बन्न थालेपछि नायिकाहरू पनि एल्बमतिर लागेको देखिन्छ । एउटा फिल्ममा काम गरे वापत ८० हजारदेखि एक लाखसम्म पाउँछन् । समय झण्डै डेढदेखि दुई महिना लागछ । तर त्यहि कलाकार एल्बमको एउटा गीतमा खेल्यो भने २५ हजारसम्म आउँछ ।

मैथिलीमा एक जनाले फिल्म बनायो भने अर्को मान्छेले देखासिखी गरेर तुरून्तै बनाउँछन् । तर फिल्म बनाउनुभन्दा पनि चलाउन र लगानी उठाउनु धेरै ठूलो कुरा हो । हाम्रो समाजमा एकले अर्कोलाई सहयोग नगर्ने भएकोले धेरैजसो फिल्म घाटामा गइरहेको कुरा नायिका लिजा कौशल बताउँछिन् ।

पारिश्रमिकको कुरा गर्ने हो भने नाम चलेको कलाकारमा क्वालिटी हुन्छ । पारिश्रमिक अलि बढी दिन मान्दैन । नयाँ नयाँ कलाकार खोज्न थाल्छ । सस्तोको पछि लागेर मैथिली सिनेमाको विकास नभएको हो । नायिका कौशलको भनाई अनुसार नयाँ नयाँ नायिका खोजेर ल्याउँछन् । एउटा दुईटामा खेलाउँछ पछि त्यसलाई छाडेर फेरि अर्को खोज्ने गर्छन् । निर्माता निर्देशकहरू कलाकारलाई प्रोत्साहन नदिएपछि बिस्तारै बिस्तारै फिल्मबाट टाढा हुने गरेको अवस्था छ ।

मैथिली फिल्म निर्माणमा निरन्तरता नहुनु र अनुभवी कलाकार नराख्नुको कारणले गर्दा आजको दिनमा सबै नायिकाहरू पलायन हुँदै गएको अवस्था छ ।

चर्चित फिल्म निर्देशक वि.प्रसाद साहुका अनुसार मैथिली फिल्मा मैथिली भाषी नायिका नहुनु, निर्माताको आर्थीक अवस्था कमजोर, विना तयारी फिल्म बनाउन सुरू गर्नु लगायतका कारणले गर्दा र कला क्षेत्रमा काम गर्दा पारीकारीक असहयोगका कारण धेरै राम्रा कलाकारसँगै नायीकाहरू पनि पलायन भएको देखिन्छ ।

मैथिली फिल्म ईज्जतको गाना आहाके बिंदीयाके देखक....बाट दर्शक स्रोताको मन मुटुमा बस्न सफल नायीका लेजीना सुवेदीको पारीवारी सपोटकै कारण आज मैथिली क्षेत्रमा स्टारको रूपमा पहिचान बनाएकोछ । सुरूको दिनमा छर छिमेकीहरूले कुरा नकाटेको पनि होइन तर मेरो परिवारको सहयोग र साथीभाईको कारण आजको दिनमा मैथिली क्षेत्रको सबभन्दा व्यस्त कलाकारको रूपमा चिनन्छ लाजीमा ।

मैथिली फिल्मका चर्चीत नायीकाहरू: डोली सरकार,लिजा कौशल चौधरी, लाजिमा सुवेदी, रेणुका कार्की लगायतका रहेका छन् ।

एउटा मात्रै मैथिली फिल्ममा सिमित रहेका नायीकाहरू: संगीता धिताल, संगीता मिश्र, कृति अधिकारी, बन्दना मिश्र, सम्पदा बानिया,प्रियंका शर्मा, रंजना देसाई, जेशीका चौधरी, जेशीका खडका, कबिता शर्मा, कविता पंडीत,

मैथिली फिल्म निर्देशक राधेश्याम विश्वकर्मा को भनाई अनुसार केही सौखिन मान्छेको कारण मैथिली फिल्न सोचेजस्तो हुन सकेको छैन । जबसम्म प्रोफेसन्ली हिसाबले काम गर्ने कलाकार चाहे नायक होस चाहे नायीका यस क्षेत्रमा आउदैन तब सम्म विकास सम्भव छैन मैथिली फिल्मको ।

## अक्षयकोष...

जनाएका छन् । स्वतन्त्र, निष्पक्ष र निर्भिकताका साथ पत्रकारिता क्षेत्रमा काम गर्ने पत्रकारलाई कर्मवीर योद्धा उमा सिंह पत्रकारिता पुरस्कारबाट सम्मान गरिने मेयरले बताएका हुन् । यो एउटा परम्पराको सुरूवातसमेत भएको र यो एउटा ऐतिहासिक दिन भएको मेयरले उद्घोष गरेका छन् । पत्रकार उमा सिंह हत्याको ११ वर्ष पूरा भएको छ । वि.सं. २०६५ साल पुष २७ गते साँझ करिब साढे ७ बजे जनकपुरको रजौलस्थित आफ्नै डेरामा पत्रकार सिंहको धारिलो हतियार प्रहार गरि वीभत्स तरिकाले हत्या गरिएको थियो । लोडसेडिङका बेला खाना पकाइरहेको समयमा १०/१५ जनाको नाकावधारी समूहले सिरहाको मिर्चैया घर भएकी सिंहको शरीरका कैयौं भागमा खुकुरी प्रहार गरेका थिए । रगतले भिजेकी उनलाई स्थानीयले केयर मेडिकल अस्पताल पुयाए पनि अत्यधिक रगत बगेकाले उनलाई चिकित्सकले पनि बचाउन सकेनन् । जनकपुरस्थित रेडियो टुडे र जनकपुर टुडेमा कार्यरत २५ वर्षीया पत्रकार सिंह महिलाहरू घरमै र घुम्टोभित्र बस्नुपर्छ भन्ने पुरातन मान्यतालाई चुनौति दिँदै पत्रकारितामा सक्रीय थिइन् ।

त्यसबेला जनकपुरमा महिला पत्रकारहरूको संख्या न्यून थियो । तर, सिंह त्यसैबेला अब्बल पत्रकारकारका रूपमा परिचित भइसकेकी थिइन् । सिंहको जुझारू र सक्रिय पत्रकारिता देखेर आफूहरू पनि त्यसैको अनुसरण गर्दै अगाडी बढेको जनकपुरका महिला पत्रकारहरू बताउँछिन् । सिंह हत्याको करिब ७ वर्षपश्चात लामो अध्ययन र अनुसन्धानपछि मुख्य अभियुक्त स्वामीजी भनिने उमेश यादवलाई जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ गरेका थियो । सशस्त्र समूहमा लागेका यादव पक्राउ परेलगतै सिंह हत्यामा उनकी आफ्नै भाउजु ललिता सिंह, भतिजा अभिषेक सिंह लगायतको नाम आयो । वि.सं. २०६८ जेठ २६ गते जिल्ला अदालतले स्वामी भनिने उमेश यादव, उमाकी भाउजु ललिता सिंह, नेमलाल पासवानलाई जन्म कैदको फैसला सुनायो । फैसलापछि उनीहरू अहिले जलेश्वर कारागारमा कैदी जीवन विताइरहेका छन् । तर उमाकी भाउजु ललिता देवी भने गत वर्ष गणतन्त्र दिवसको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट आम माफी पाइ छुटिसकेकी छिन् । सिंह हत्याकाण्डमा थप व्यक्तिहरूको नाम मुछिएको छ भने केही अहिले पनि अनुसन्धानकै क्रममा रहेका छन् ।

## काठमाडौंमा...

भारतीय सञ्चारमाध्यमका अनुसार एजाजले काठमाडौंमा अड्डा बनाएर दाउदले आफ्नो कारोबार गर्दै आएको बयान भारतीय प्रहरीसमक्ष दिएका छन् । भारतीय पत्रिका दैनिक जागरणकाअनुसार नेपालस्थित पाकिस्तानी दूतावासका खास अधिकारीमार्फत दाउदले काठमाडौंबाट आफ्नो धन्दा चलाउँदै आएको बयान एजाजले भारतीय प्रहरीलाई दिएका हुन् । अर्को पत्रिका प्रभात खबरले जनाएअनुसार एजाजसँग मुम्बई प्रहरी र राष्ट्रिय गुप्तचर एजेन्सीहरूका तर्फबाट पनि सोधपुछ भइरहेको छ । अन्डरवर्ल्ड डन दाउद इब्राहिमले नेपालमा विभिन्न कम्पनीमा करोडौं रकम लगानी गरेको जानकारी एजाजले बयानका क्रममा भारतीय प्रहरीलाई दिएको बताइन्छ । लकडावालाले प्रहरीसमक्ष दाउदको थाइल्यान्ड र बंगलादेशमा पनि राम्रो पकड रहेको र ती दुई देशबाट भारत, युरोप र अन्य मुलुकमा लागुपदार्थ पठाउने गरेको बयान दिएका छन् ।

काठमाडौंमा दाउद कम्पनीले करोडौंको लगानी गरेर निकै ठूलो कारोबार खडा गरेको छ । सबैभन्दा ठूलो लगानी इन्फ्रास्टक्चर क्षेत्रमा छ । कयौं कन्स्ट्रक्सन र अन्य कम्पनीमा उसको लगानी छ । यसमा नेपालका कयौं नेताहरूको पनि पार्टनरशिप रहेको भारतीय पत्रिकाले दाबी गरेको छ । एजाज हाल मुम्बई प्रहरीको नियन्त्रणमा छन् । एजाज कुनै बेला दाउदका खास सहयोगी मानिन्थे । सन् १९९३ मा मुम्बई विस्फोटपछि उनी छोटा राजनसँगै दाउद समूहबाट अलग भएका थिए । केही समय उनी छोटा राजनको समूहमा रहेर काम गरे पनि रकम बाँडफाँडमा मतभेद भएपछि उनले आफ्नै नेतृत्वमा छुट्टै समूह खडा गरी अन्डरवर्ल्डमा सक्रिय भएका थिए ।

## रोचक...

४ गते प्रदेश २ जाँदैछन् भने ७ गते नेकपा-राजपाले संयुक्त भेलाको आयोजना गर्दैछन् । प्रत्येक जिल्लामा दुवै पार्टी सम्मिलित कार्यदल बनाइएको छ ।

नेकपा-राजपा तालमेलले प्रदेश २ को सरकारसमेत परिर्वतन हुनसक्ने चर्चा चुलिएको थियो । नेकपा-राजपा चुनावी तालमेल गर्दा नेकपाभित्रसमेत ठूलै विवाद निस्किएको छ । चुनावी तालमेलपछि नेकपासँग राजपा नजिकिएकै कारण सरकारमा रहेको समाजवादी पार्टी सरकारबाट बाहिरियो । सरकारमा रहेकै बेलामा प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पार्टीलाई अपमान गरेको ठहर गर्दै समाजवादी सरकारबाट बाहिरिएको हो । समाजवादी सरकारबाट बाहिरिएपछि कांग्रेससँग चुनावी तालमेल गर्न पुग्यो । यता, सत्ताधारी दलसँग सहकार्य गरेको राजपा सरकारमा जाने चर्चा चलिरहेको छ । नेकपा-राजपा चुनावी तालमेलको सहमति पत्रमा आगामी दिनमा सहकार्य हुने भनेर हस्ताक्षर भएको छ ।

समाजवादीले कांग्रेसँगको तालमेल गरेपछि मधेशको राजनीति रोचक मोडमा पुगेको छ । कांग्रेस-समाजवादी र नेकपा-राजपा तालमेलले मधेश केन्द्रीत राजनीतिमा फेरबदल आउने आकलन सुरू भएको छ । अझै पनि राजपा सरकारमा जाने नजाने टुंगो छैन । मधेशी दल दुई ध्रुवमा पुगेपछि मधेशको राजनीतिमा नेकपा र कांग्रेसले नयाँ प्रयोग गरिहेका छन् । दुई ध्रुवमा बाँडिएका मधेशी दलहरू राष्टियसभाको निर्वाचनपछि कता जान्छन् भन्ने टुंगो लाग्नेछ ।

# कांग्रेस नेता पौडेल र भारतीय रक्षामन्त्रीबी भेट



काठमाडौं । उपचारका लागि भारतको नयाँ दिल्ली पुगेका नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलले भारतीय रक्षामन्त्री राजनाथ सिंहसँग भेटवार्ता गरेका छन् । भेटमा आफूहरूबीच नेपाल- भारत सम्बन्ध र वर्तमान राजनीतिक अवस्थाबारे छलफल भएको पौडेलले उल्लेख गरेका छन् । सिंह सत्तारूढ भाजपाका पूर्वअध्यक्ष पनि हुन् । भेटमा नेपाल र भारतबीचको सम्बन्ध र वर्तमान राजनीतिक अवस्थाबारे छलफल भएको पौडेलले सामाजिक सञ्जाल फेसबुकमा उल्लेख गरेका छन् । दुई नेताबीच नेपालको पछिल्लो राजनीतिक अवस्था तथा विश्व राजनीतिका बारेमा छलफल भएको बताइएको छ ।

## भारत अस्थिरता शक्ति होइन : एस जयशंकर

नयाँ दिल्ली । भारतका विदेशमन्त्री एस जयशंकरले भारत स्थिर शक्ति भएको बताएका छन् । उनले आफ्नो देश अस्थिरता निम्त्याउने शक्ति नभएर विश्वव्यापी कानून पालन गर्ने परामर्शदाता र एक स्थिर शक्ति भएको स्पष्ट पारे । दिल्लीमा आयोजित वैश्विक बहुपक्षीय सम्मेलन 'राइसिना डाइलग २०२०' मा बोल्दै जयशंकरले भने,'अस्थिरता निम्त्याउने समूहरू विश्वमै पहिल्यैदेखि छन् हामी चाहिँ स्थिर शक्ति हौं ।' सो क्रममा जयशंकरले भारतको नीति आफूमा मात्र केन्द्रित नभएर विश्व व्यापार, आयात तथा निर्यातमा भएको बताए। उनले भारतले विश्वव्यापी कानूनको पालना गर्दै परामर्शदाताको भूमिका खेल्ने बताए । सो क्रममा उनले अमेरिका र इरानबीचको तनाव चाँडै कम हुने विश्वास व्यक्त गरेका थिए ।

## सिक्किमका पूर्वमुख्यमन्त्री सम्मानित

काठमाडौं । नेपालको अनौपचारिक भ्रमणमा रहेका सिक्किमका पूर्व मुख्यमन्त्री पवन चाम्लिङलाई काठमाडौंमा सम्मानित गरिएको छ । एले सम्वत् ५०३० का अवसरमा किराँत राई यायोक्खाले चाम्लिङलाई दुई लाख दुई हजार दुई सय २२ रूपैयाँ नगदसहित 'यलम्बर सम्मान' बाट सम्मानित गरेको हो । सम्मानित भएपछि चाम्लिङले आफू तीर्थाटनका लागि पितृ भूमिमा आएको र कुनै राजनीतिक कार्यक्रम नरहेको बताए । उनले राष्ट्रियता र राजनीतिक रूपमा आफू भारतीय भएपनि भाषा, संस्कृति र पहिचान नेपाली भएको बताए । यस अघि नेपाली भाषा साहित्यमा महत्वपूर्ण योगदान गर्ने दार्जिलिङका साहित्यकार इन्द्रबहादुर राई र वान्तावा भाषामा पीएचडी गर्ने डा. नोवलकिशोर राईलाई यो सम्मान प्रदान गरिएको थियो । चाम्लिङको दल सिक्किम डेमोक्रेटिक फ्रन्टले सिक्किममा विगत २५ वर्ष शासन चलाएको थियो । चाम्लिङ लगातार २५ वर्षसम्म सिक्किममा मुख्यमन्त्री थिए ।

## बाराको सीमामा बीओपी स्थापना

बारा । बारामा सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट (बीओपी) स्थापना गरिएको छ । सिमावर्ती क्षेत्रमा सुरक्षाकर्मीको उपस्थिति नभएको कारण अतिक्रमण बढेको भन्दै सरकारको आलोचना भएपछि गृहमन्त्री रामबहादुर थापा बादलले सुरक्षा पोष्ट बढाउन निर्देशन दिएका थिए । सरकारले देशभर एक सय १४ वटा सिमा सुरक्षा पोष्ट थप्ने निर्णय गरेको छ । नेपाल-भारत सिमावर्ती क्षेत्र बाराको देवताल गाउँपालिकाको दक्षिण झिटकैयामा बोर्डर आउट पोष्ट (बीओपी) स्थापना भएको हो । सीमा रक्षा र सीमा क्षेत्रमा हुने गतिविधि नियन्त्रणका लागि बारामा थप दुई स्थानमा सीमा सुरक्षा पोष्ट स्थापना गर्ने पनि सरकारी तयारी छ । विश्रामपुर गाउँपालिकाको छतवा र पचरौता नगरपालिकाको बेनौली गाउँमा चाडै नै बीओपी स्थापना गरिने शसस्त्र प्रहरी बल नम्बर १२ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक दिग बिजय सुबेदीले जानकारी दिए । बारामा ९ वटा पोष्ट पुऱ्याउने तयारी भए पनि हाल सांत पुगेको छ ।

## सम्भावता अध्ययन गरिदिन प्रस्ताव

काठमाडौं । नेपाल सरकारले सिलिगुढीबाट झापासम्म दोस्रो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन विस्तारको सम्भाव्यता अध्ययन गरिदिन भारतसमक्ष प्रस्ताव गरेको छ । भारतको मोतिहारी-अमलेखगञ्ज पहिलो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएपछि नेपालले सिलिगुढीबाट झापासम्म अर्को पेट्रोलियम पाइपलाइनको सम्भाव्यता अध्ययन प्रस्ताव भारतसमक्ष राखेको हो । भारतको नयाँदिल्लीमा हालै बसेको नेपाल-भारत पेट्रोलियम तथा ग्यास जोइन्ट वर्किङ ग्रुपको पहिलो बैठकमा बैठकमा सिलिगुढी-झापा दोस्रो अन्तरदेशीय पेट्रोलियम पाइपलाइनको सम्भावता अध्ययन गरिदिन भारतलाई प्रस्ताव गरिएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव ध्रुव घिमिरेले जानकारी दिए ।

## पेट्रोलियम तालिम केन्द्र स्थापना गर्ने

काठमाडौं । भारतले नेपालमा पेट्रोलियम तालिम केन्द्र स्थापना गर्ने भएको छ । भारतको नयाँदिल्लीमा हालै बसेको नेपाल-भारत पेट्रोलियम तथा ग्यास जोइन्ट वर्किङ ग्रुपको पहिलो बैठकमा नेपालमा पेट्रोलियम तालिम केन्द्र स्थापना गर्ने विषयमा पनि भारतीय पक्ष सकारात्मक देखिएको छ । यसका लागि नेपाल आयल निगमले उपयुक्त स्थान छनौट गरी भारतीय आयल निगमलाई त्यसको जानकारी दिनुपर्नेछ ।




आर्थिक समाचार

ज्योति गौतम

## एनआईसी एसियाको साढे चार अर्ब लगानी

नेपालगञ्ज । 'बैङ्क पनि साथी पनि राम्रो पनि हाम्रो पनि' भन्ने मुल नाराका साथ सेवा प्रदान गर्दै आएको एनआईसी एसिया बैङ्कले बाँके र बर्दिया जिल्लामा १० वटा शाखामार्फत चार अर्ब ५० करोड ऋण प्रवाह गरेको छ । बैङ्कको बाँके र बर्दिया हेर्ने नेपालगञ्ज स्थिर उप-प्रादेशिक कार्यालयका अनुसार दुवै जिल्लाका १० वटा शाखामार्फत एक हजार ४६५ जना ऋणीलाई विभिन्न क्षेत्रमा चार अर्ब ५० करोड लगानी गरिएको छ । बैङ्कले सबैभन्दा बढी पर्यटन, उत्पादनमूलक उद्योग, कृषि, पशुपालन र घर कर्जा तथा गाडी कर्जामा ऋण लगानी गरेको एनआईसी एसिया बैङ्क उपप्रादेशिक कार्यालय नेपालगञ्जका प्रमुख माधव बेल्बासेले बताए । सो लगानी बैङ्कको नेपालगञ्जमा रहेको धम्बोझी र त्रिभुवन चोक शाखा, बाँकेको कोलहपुर नगरपालिका र डुडुवा, जानकी, खजुरा तथा बैजनाथ गाउँपालिकामा रहेका शाखाहरू र बर्दियाको बासगढी, भुरीगाउँ र मगरागढीमा रहेका शाखामार्फत गरिएको उनले बताए ।

## अनाथ छात्रछात्रालाई न्यानो स्वेटर

काठमाडौं । प्राइम कमर्सियल बैंक लिमिटेडले अनाथ छात्रछात्राहरूलाई न्यानो स्वेटर वितरण गरेको छ । सोमबार बैंकका अध्यक्ष राजेन्द्र दास श्रेष्ठ तथा प्रमुख कार्यकारी अधिकृत नारायण दास मानन्धरले बाल सारथी एकेडेमी, जयवागेश्वरीमा स्वेटर वितरण गरेका छन् । बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत बाल सारथी एकेडेमीका कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत सम्पूर्ण अनाथ छात्र छात्राहरूलाई न्यानो स्वेटर वितरण गर्नुका साथै भोजन समेत गराइएको बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## ग्लोबल आइएमईको रू ३ लाख सहयोग

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मेरूदण्डीय पक्षघात समूह नेपाललाई रू ३ लाख रूपैंया सहयोग गरेको छ । आइतबार आयोजित एक कार्यक्रममा बैंकका नायव महाप्रबन्धक सुरेन्द्रराज रेग्मीले मेरूदण्डीय पक्षघात समुह नेपालका अध्यक्ष ऋषिराम ढकाललाई रू ३ लाख रूपैंयाको चेकहस्तान्तरण गरेका छन् । ग्लोबल आइएमई बैंकले स्थापनाकालदेखि नै सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरू गर्दै आएको छ ।

## लुम्बिनीले लाभांश दिने

काठमाडौं । लुम्बिनी विकास बैंकको १२औं वार्षिक साधारणसभाबाट १५५ नगद लाभांश दिने निर्णय गरेको छ । बैंकका अध्यक्ष दशरथ रिसालको अध्यक्षतामा मंगलबार सम्पन्न भएको वार्षिक साधारणसभाद्वारा सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन, आव २०७६ असार मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाहको विवरणलगायतका अनुसुचीहरू पारित गरेको छ । सभाले २०७५/७६ सम्मको सञ्चित मुनाफाबाट असार मसान्तसम्म कायम सेयर पुँजीको पाँच प्रतिशत बोनस सेयर र १५ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय पारित गरेको छ ।

# संजय यादव राजपामा प्रवेश



काठमाडौं । युवा नेता तथा सामाजिक अभियन्ता संजय यादवको नेतृत्वमा करिब डेढ सय युवा नेताहरू राष्ट्रिय जनता पार्टी नेपालमा प्रवेश गरेका छन् । राजपा नेपालका अध्यक्षमण्डलका संयोजक राजेन्द्र महतो, नेता महन्थ ठाकुर लगायतका नेता कार्यकर्ताहरूले नवप्रवेशी यादवसहितलाई फुलमाला तथा अबीर लगाएर स्वागत गरेका छन् । युवा नेता यादव मधेशको अधिकारवादी आन्दोलनहरूमा सक्रियरूपमा भूमिका खेल्दै आएका छन् । अध्ययनको क्रममा भारतको नयाँ दिल्लीमा हुँदा यादवले मधेशको आवाजलाई अन्तर्राष्ट्रिय समुदायसम्म पुऱ्याउन 'युनाइटेड मधेशीज अफ नेपाल' नामक संस्था स्थापना गरेका छन् । मधेशको अधिकारका लागि सदैव संघर्ष गर्दै आएको राजपाले मात्र मधेशको मुक्ति दिलाउन सक्ने दाबी गरेका छन् । उनले राजपा नेपाल नै मधेशको वैकल्पिक शक्ति रहेको उनको दाबी छ । संविधान संशोधन, सांसद रेशमलाल चौधरीको रिहाइ र आन्दोलनकारीहरूमाथि लागेको झुठा मुद्दा फिर्ता राजपाले मात्र गराउन सक्ने भएकोले राजपा नेपालमा प्रवेश गरेका बताए ।

## पारवहन सम्झौता नविकरण

काठमाडौं । नेपाल र भारतबीच भएको पारबाहन सम्बन्धिसन्धि तत्कालका लागि नविकरण भएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको पत्रकार सम्मेलनमा मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले सन्धिमा आवश्यक नयाँ कुरा थप गरेर पुन: सन्धि गर्ने तयारी मन्त्रालयले पुरा गरेको बताए । नयाँ सन्धि भएपछि नेपालले भारतको आन्तरिक जलमार्ग प्रयोग गरेर आयात निर्यात गर्न सक्ने छ । त्यसैगरी नेपाली ध्वजाबाहक पानी जहाज भारतीय आन्तरिक जलमार्गमा सञ्चालन गर्न पनि बाटो खुल्नेछ । सचिव अर्यालका अनुसार भारतको जलमार्गमा रहेका आन्तरिक तीनवटा टर्मिनलहरू साहेबगञ्ज, कालुघाट र बाराणसीबाट व्यापारिक वस्तुहरू आयात निर्यात गर्न सकिनेछ भने नेपालको ब्यापार लागत कम हुन्छ । भारतसँगको रेल्वे सम्झौताको म्याद पनि ५ वर्षका लागि थप भएको छ ।



**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं